बौद्ध मासिक

# धर्म चक्षु



पोखरास्थित विश्वशान्ति स्तुप

# DHARMA CHAKSHU

मूल्य रु १५/-

सम्राट अशोकले युद्ध परित्याग गरी अहिंसा धर्ममा लागेको दिन

आश्विन शुक्ल दशमी हो ।

त्यस दिन

हिंसामाथि अहिंसाको विजय भएको दिन

अन्धकारमाथि प्रकाशको विजय भएको दिन

असत्य युद्धमाथि सत्य र शान्तिको विजय भएको दिन

विजया दशमी वास्तवमा अहिंसा पर्व हो ।

हामी अहिंसा पर्व विजया दशमीको उपलक्ष्यमा

*हत्या, हिंसा र आतंक मच्चाई रगतको होली खेलिरहेका*

*गोला, बारुद र बन्दुकको खेल खेल्दै रमाइ रहेका*

*बदला र अहंकारको भावना लिई युद्ध जित्छौं भनि रहेका*

**सबैलाई**

अहिंसाका पूजारी तथा शान्तिका अग्रदूत तथागत भगवान बुद्धलाई स्मरण गर्न

हातहतियार परित्याग गरेपछि नै वास्तविक विजयी भएका सम्राट अशोकलाई सम्झन

आग्रह गर्दै

**सम्पूर्ण नेपालीमा सदबुद्धि आओस**

**शान्ति, मैत्री र अहिंसाको मर्म बुझोस**

**नेपालीले नेपालीको रगतको मूल्य बुझोस**

भन्ने कामना गर्दै सबैमा सुख, शान्ति र सम्वृद्धिको हार्दिक

शुभ-कामना व्यक्त गर्दछौं ।

**बौद्ध उपासिका संघ** **दायक सभा**

**धर्मशीला बुद्ध विहार, परिवार - २०५९**

Wondershare PDFelement

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal

**Sept./Oct : 2002**

धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ६, अङ्क ३, पूर्णाङ्क - २०
यैन्या पुन्ही, आश्विन २०५९

**प्रकाशक/प्रधान सम्पादक**
भिक्षु श्रद्धानन्द, फोन नं :- २०५१७

**सम्पादक**
तिलकमान गुभाजू

**व्यवस्थापक**
अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**
युवा बौद्ध संघ
(विकाशरत्न शाक्य, चेतन सिं ताङ्वे, बलराम लामा)

**सहयोगीहरु**
याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**
१४४ - नयाँ बजार, पोखरा - ८
फोन नं. :- २०२४६

**कम्प्युटर सेटिङ्ग**
मिन नारायण श्रेष्ठ

**मुद्रण**
हिमालयन अफसेट प्रेस
नयाँ बजार, पोखरा


सम्पादकीय..............................

## बुद्ध शिक्षालाई यथार्थ रुपमा बुझ्नु आवश्यक

हाम्रो देशमा हत्या र हिंसाको खेल यति धेरै बढि सकेको छ कि सिंगो देश क्षत विक्षत हुन लागेको छ । एक नेपालीले अर्को नेपाली दाजुभाईलाई गोली हानेर रगतको होली खेल्दा पनि हामीलाई नदुख्ने भएको छ। मानिस दिन पर दिन निर्दयी र निर्मोही हुँदै पत्थरमा परिणत हुँदैछ अर्थात हाम्रो सिंगो समाज मूढतामा परिणत हुँदैछ ।

देशले एकताका शान्ति क्षेत्रको चाहना राखेको भन्नै नसुहाउने गरो अशान्ति मच्चिएको छ । शान्तिका अग्रदूत भगवान बुद्धको जन्मस्थल भन्नै नसुहाउने गरी यहाँ आपसमा काटाकाट मारामार भैरहेका छन्। जसले गर्दा नेपाल र नेपालीको ईतिहास नै कलंकित हुन पुगेको छ ।

युद्धको विभीषिकाबाट आत्तिएर शान्ति प्रिय मानिसहरु शान्तिको खोजीमा भौतारी रहेका छन् । तर उनीहरुले शान्ति पाउन सकिरहेका छैनन् । बुद्धको जन्मस्थलमा पनि शान्ति नपाउनु, यो कस्तो विडम्बना हो ? यस्तो किन भै रहेछ ? धेरैको मनमा यो प्रश्न उब्जेको छ ।

भगवान बुद्धको मुख्य कुरा उनको शिक्षा, सिद्धान्त, आदर्श र व्यवहार हो जसलाई हाम्रो नागरिक समाजले ग्रहण गरेका छैनन्। बुद्ध शिक्षा भनेको के हो र कस्तो छ भन्ने नै यहाँ धेरैलाई थाहा छैन। यति सम्म कि भगवान बुद्ध को हुन् भन्नेमा नै यहाँ विवाद छ । यहाँ भ्रमै भ्रमको खेती भैरहेछ । खानदानी बुद्धिजीवीहरुले बुद्ध र बुद्धशिक्षालाई अझ पनि ओझेलमा पार्ने, अन्यौलमा पार्ने प्रयास गरि रहेका छन् ।

जसरी एउटा रोगीले डाक्टरले दिएको औषधी नखाएमा त्यसको रोग निको हुँदैन, त्यसै गरी बुद्ध शिक्षा ग्रहण नै नगरे पछि त्यसलाई शान्ति कसरी प्राप्त होला ? सोच्नु पर्ने कुरा यो हो । हामी अहिले उल्टो दिशातिर गैरहेका छौं । जसले देश बनाउछौ भनेर भन्दैछन्, उनीहरुले नै देश विगारी रहेका छन् । उनीहरुले नै आपसमा लड्दै देश र समाजलाई चकनाचूर पार्दैछन् ।

अब समय आएको - हामीले बुद्ध शिक्षा ग्रहण गर्नु पर्दछ । बुद्ध शिक्षा आजको आवश्यकता हो । बुद्ध शिक्षामा मैत्रीको भावना हुन्छ । मैत्री द्वारा करुणा उत्पन्न हुन्छ । मैत्री र करुणाले मानिसलाई मानवीय भावनाले ओतप्रोत पार्दछ । मानवीय भावले युक्त मानिसले आफ्नै दाजुभाईको विरोधमा हतियार प्रयोग गर्न सक्दैन ।

भगवान बुद्धले जस्तो सुकै कठिन अवस्थामा पनि हतियार उठाएनन् । उनी मन, वचन र कर्मले शान्ति चाहन्थे र शान्ति कै लागि उनले सम्पूर्ण जीवन न्यौछावर गरे । यो कुरालाई हामीले यथार्थ रुपमा बुझ्नु परेको छ । बुद्धका शिक्षा र सिद्धान्तलाई यथार्थ रुपमा बुझेर तदानुसार व्यवहार गरिएमा हाम्रो समाजमा शान्ति स्थापना हुन सक्छ ।



Wondershare PDFelement

बौद्ध दृष्टिमा विजया दशमी अहिंसा पर्व हो ।

अहिंसा पर्व विजया दशमीको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूको सुख शान्ति र समृद्धिका लागि

हार्दिक मङ्गलमय शुभकामना गर्दछौं ।

**ताङ्खे निर्माण सेवा**

[illegible] चोक, पोखरा

फोन : २८००२

---

**नेपाली माझको महान पर्व विजया दशमीको**

शुभ उपलक्ष्यमा हामी हाम्रा समस्त ग्राहक एवं शुभेच्छुक महानुभावहरूमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**दिपक श्रेष्ठ**

उपाध्यक्ष (वाणिज्य)

पोखरा उद्योग वाणिज्य संघ

पोखरा ।

---

बौद्ध [illegible] विजया दशमी अहिंसा पर्व हो [illegible] सम्राट अशोकले हातहतियार [illegible] गरी वास्तविक विजय प्राप्त गरेको दिन हत्या हिंसा माथि अहिंसाको विजय भएको दिन, अन्धकारमाथि प्रकाशको विजय भएको दिन, असत्य [illegible]माथि सत्य र शान्तिको विजय भएको दिन ।

अहिंसा पर्व विजया दशमीको शुभ-उपलक्ष्यमा सम्पूर्ण नेपालीको सुख शान्ति र समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना गर्दछौं ।

**चेतराज शाक्य**

**तथा लक्ष्मी भण्डार परिवार**

तेर्सापट्टी, पोखरा, फोन : २०१७२

---

**सम्राट अशोकले हातहतियार परित्याग गरी वास्तविक विजय प्राप्त गरेको दिन हत्या, हिंसा माथि अहिंसाको विजय भएको दिन ,**

अहिंसा पर्व विजया दशमीको शुभ-उपलक्ष्यमा सम्पूर्ण नेपालीको सुख, शान्ति र समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना गर्दछौं ।

**गोविन्द ताम्राकार**

अध्यक्ष

मैत्री संघ, पोखरा

# शान्ति स्तूपमा बिताएको त्यो साँझ

□ भिक्षु सुशील्

प्रकृति र शान्तिका बीचको सम्बन्ध खोजी चेतनाले केलाउँदो रहेछ। प्रकृतिको नजिक पुग्न सक्दा भीडहरु माझबाट उत्सर्जित पीडा बिसाइको अनुभवले शान्तिको अनुभव गराउँदो रहेछ। र त ध्यानीहरु, ज्ञानका खोजीहरु र सामाजिक द्वन्दबाट टाढिन चाहने महापुरुषहरु एकान्तको निर्जन स्थलमा रहन इच्छुक हुँदा रहेछन्। त्यसैले होला धर्मका ग्रन्थहरु एकान्तवासका वर्णनबाट यति धेरै भरिएका। आधुनिक भोगवादी चिन्तनले सिर्जना गरेका भीडहरु माझको जीवनबाट उकुसमुकुसिएकाहरु पनि केही समयका लागि कुनै रिसोर्ट वा एकान्त स्थलमा बिताउने गर्छन्। आजकाल यसले फेशनको रुप लिन खोजेको पनि छ। प्रकृतिको नजिक पुग्न सक्दा अनुभव गर्न पाइने स्वच्छन्दताको आकर्षणले पनि शायद यता तर्फ आकर्षित भएको होला। स्वतन्त्रता र शान्ति प्रतिको मानव रुचि वर्तमान कालको मात्र यथार्थ होइन, मानव र प्रकृतिका बीचको सृष्टिकालिन सम्वन्ध पनि हो।

ध्यानी, ज्ञानका खोजी एवं ऋषिमुनिहरुका बीच मात्र सीमित रहेको आध्यात्मिक शान्तिलाई भगवान बुद्धले जन-जनका माझ पुऱ्याउनु भएको थियो। बुद्धको स्मरण गराउने प्रतीक चिन्ह स्तूपले आज पर्यन्त प्रकृति र शान्तिका बीचको सम्वन्धलाई बुझाइरहेको छ। यस्तै प्रतीकात्मक भूमिका निभाइरहेको स्तूप मध्ये एक हो - पोखराको अनदु डाँडा स्थित विश्व शान्ति स्तूप। सो स्तूपको छहारिमा मैले अर्थात हामीले बिताएको त्यो रातको झलझली आज पनि मेरो स्मृतिमा आइरहेको छ।

गत जेठको प्रथम शनिवार २५४६ औं बुद्ध जयन्ती समारोहको उपलक्ष्यमा सप्ताह व्यापि कार्यक्रम मनाउने क्रममा हामीले एउटा सिंगो रात विश्व शान्ति स्तूपमा बिताएका थियौं। 'बुद्ध र शान्ति' नाउँ दिएर शान्ति स्तूपको छहारीमा पोखरेली कलाकारहरुले आ-आफ्ना कला-कृतिको रचना गरेका थिए। पोखराका सिर्जनशील युवाहरुको संगठन पोखरेली युवा सांस्कृतिक परिवार, सिर्जनशील कलाकार पोखरा र युवा बौद्ध संघ पोखराको संयुक्त आयोजनामा सम्पन्न सो कार्यक्रममा मैले पनि सहभागी हुने अवसर पाएको थिएँ। सिर्जनशील युवाहरु माझ बिताएको त्यो रात मन भित्र, भित्रसम्म झक्झकाइएको रात पनि थियो।

काठमाण्डौंबाट म र मेरा मित्र नेपाल समाचारपत्रका संवाददाता पद्म श्रेष्ठ गएका थियौं कार्यक्रममा सहभागी हुन। साँझको शीतल हावासंग मिलनको अनुभव गर्दै हामीले उकालो चढेका थियौं। चढाईकै क्रममा अनदु डाँडामा निर्मित विश्व शान्ति चैत्यसंग सम्बन्धित तीता-मिठा इतिहास पनि सुन्दै गएका थियौं। भिक्षु श्रद्धानन्द, विमल उदास, तिलक मान गुभाजू र अन्य युवाहरुसंग उकालो चढेको त्यो क्षण प्रकृतिको सौन्दर्यले चढाइको थकानलाई बिर्साइ दिएको थियो। पोखराको धर्तीमा पाइला टेक्ने नव आगन्तुकलाई सम्मोहित पार्ने धीर-शान्त फेवा र श्वेत पगरिले सुशोभित माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरी त्यसबेला पनि मुस्काइ रहेका थिए। बुद्धको धर्मले ब्रम्ह विहारका सन्देशहरु दिए झैं युग-युगदेखि मैत्री, करुणा र तटस्थताको सन्देश दिइरहने फेवा र माछापुच्छ्रेले शान्तिका लागि उच्च हृदय र धैर्यको महत्व बुझाइरहेको अनुभव गरेको थिएँ मैले।

सूर्यले आफूलाई अस्ताञ्चलमा पुऱ्याउनु र चराचुरुङ्गीहरु आ-आफ्ना गुंडहरुमा फर्केर विश्राम गर्नु नित्य कर्म हो। त्यस दिन पनि सोहि अनुरुप भएका थिए। तर फरक के रहेको थियो भने केही चिन्तनशील मानिसहरु वृत्ताकार घेरा भित्र रहेर एक-आपसमा अनुभवहरुको साट्-फेर गरिरहेका थिए। एक त शान्ति स्तूपको छहारी, अर्को बन्धन मुक्त स्वतन्त्रता! सबै उन्मुक्त थिए। सामाजिक-आर्थिक र अन्य कुनै बन्धन भन्दा परको त्यो बेला सबैका हृदयमा मात्र उत्साह र जिज्ञासा भरिएका थिए। त्यस्तो शुभ बेला मैले आफ्ना

अनुभवहरु, बुद्ध धर्मका सन्देशहरुलाई आफ्नो क्षमताले भ्याए सम्म सिर्जनाका पौरखी हातहरु सम्म पुऱ्याएको थिएँ। म अहिले पनि सम्झिरहेको छु - पोखरेली युवा साँस्कृतिक परिवारका पूर्व अध्यक्ष तीर्थ श्रेष्ठले बुद्ध धर्मप्रति देखाउनु भएको जिज्ञासा र उहाँले औंल्याउनु भएका हाम्रो कमि-कमजोरीहरु - त्यस्तै नै उत्साहले भरिएको प्रश्न गर्ने पोखराका सिर्जनशील कलाकारहरुले बुद्धको जीवनी र धर्मसंग सम्वन्धित पक्षमा देखाइएका जिज्ञासाहरु।

जीवनको भोगाइका क्षणहरु जसले केही सिक्ने अवसर दिएका हुन्छन्, त्यस्ता क्षणहरु प्रकृतिसंग नजिकीएको क्षण नै हुँदो रहेछ। अनुभवको आधारमा भन्नेहरु भन्छन्। सर्व प्रथम मानिसले आफ्नो वाणी मार्फत् शान्तिलाई निम्तो दिन्छन्। त्यो साँझका सहभागीहरुले पनि वचनको सौम्यता देखाएका थिए। वचनको सौम्यता पछि मात्र शारीरिक रुपमा शान्ति अनुभव गर्न पाइने प्रकृतिको नियम त्यो रात पनि लागू भएको थियो। सुविधा र विलासका साधनहरुबाट पर एउटा ओछ्याइएका कपडामा पल्टेरै पनि मिठो निद्रालाई बोलाउन सक्नु शारीरिक एवं मानसिक बन्धन मुक्तिकै परिणाम हो। बन्धन जुन मानसिक शत्रु हो, त्यसलाई हामीले त्यस रात पराजित गरेका थियौं।

राजा मिलिन्द र भिक्षु नागसेनका बीच धर्म संवाद हुँदा आयुष्मान् नागसेनले संवादको जुन नियम बताउनु भएको थियो हामी बीच सोहि प्रकारले संवाद भएका थिए। राजा मिलिन्दलाई आयुष्मान नागसेनले सम्वादका विविध पक्ष बुझाउने क्रममा शासकहरुले गर्ने संवाद र ज्ञान पिपासुहरुले गर्ने संवादको भिन्नता बुझाउनु भएको थियो। हामी बीच त्यसबेला जिज्ञासु हृदयले, ज्ञानको ढोका उघार्ने चेतनाले घचघच्याउँदा अहंकारले रत्ति पनि ठाउँ ओगट्न सकेको थिएन। शहर बजार माझ त्यस्तो हुँदो हो त भिन्दै अवस्था हुन्थ्यो होला। मानिसको मन, स्थान, समय, चेतनाको अवस्था र प्राकृतिक वातावरणसंग संगै बदल्न कत्ति पनि संकोच मान्ने गर्दैन। शान्ति स्तूपको शान्त वातावरणले हामीलाई अनुशासित हुन सिकाएको मात्र नभै केही क्षणका लागि मुक्त अवस्था सम्मै पुऱ्याइ दिएका थिए। जात, वर्ण, वैभव, पद र अन्य सामाजिक विकृतिहरुद्वारा सिर्जना गरिने बन्धनहरुबाट पनि मुक्ति दिएका थिए। म ती सारा सहभागी मित्रहरुको ऋणि छु, जसले मलाई त्यो क्षणको अनुभव गर्न पाइएको अवस्थासम्म पुऱ्याउनमा सघाउनु भएको थियो। आज यस क्षणमा म त्यो क्षणलाई सम्झेर यी हरफ लेखिरहंदा मैले अनुभव गरेको त्यो रात्रिकालिन हृदय नजिक पुग्ने प्रयास दोहोऱ्याइ रहेको छु।

पोखरा! फेवाको टलपल-टलपल भित्र जवाहरातको चम्काइ लुकाइ राख्ने पोखरा! लालिगुराँसले सिंगारिएकी नयाँ बेहुली झैं लाग्ने पोखरा! लज्जाले निहुरिएकी मायालुको सम्झना दिलाउने बिहानीको लालियुक्त माछापुच्छ्रेको पोखरामा म अनेकौं पटक पुगेको छु। तर अन्य समयको यात्रा भन्दा बेग्लै अनुभव गराएको त्यो रात्रीले मलाई पुनः त्यस्तै क्षणको प्रतिक्षा गराइएको छ।

दिवंगत मीन बहादुर गुरुङ्गको पञ्चायती क्रुरता अगाडी नदब्ने साहसिलो चेतनाको फल हो अनदु डाँडामा फुलेको विश्व शान्ति चैत्य। जापानी निप्पोनजान म्योहोजीका श्रद्धेय गुरु निशिदात्सु फुजी र उहाँका चेलाहरुले बुद्ध धर्म भित्र फेला पारेका अनुशासन र धैर्यको मिश्रण पनि हो शान्ति स्तूप। त्यस्तै अनागारिका धर्मशीलाको प्रेरणा प्रद स्मृतिको प्रतीक पनि हो। बहादुरी, अनुशासन र धैर्यको रसायनबाट उत्पादित शान्ति चैत्यले त्यसैले हामी सबैलाई त्यो रात मैत्री, करुणा, सम व्यबहार र प्रशान्तताको नजिक पुऱ्याइ दिएको हो। म त्यसैले पोखरेली युवा साँस्कृतिक परिवारका अध्यक्ष सोम बज्राचार्य, युवा बौद्ध संघ पोखराका अध्यक्ष प्रकाश उदास र सहभागीहरुलाई भरपेट खुवाउनमा कन्जुसी नगर्ने विश्व शान्ति स्तूप समितिका पदाधिकारी र सदस्यहरु सहित एउटा स्मरणीय रातमा संगै बिताउने साथीहरु सबैको प्रगतिको कामना गर्दछु र त्यस्तो सुमधुर एवं शान्तमय अवस्थाको अनुभव गर्ने अवसर सिर्जनशील पोखरेली मित्रहरुले पुनः पुनः दिनुहुनेछ, त्यसको प्रतिक्षामा छु।

## अहिंसा पर्व विजया दशमीको उपलक्ष्यमा

शान्ति क्षेत्रको चाहना गर्ने प्यारो राष्ट्र नेपालमा
शान्तिका अग्रदूत भगवान बुद्धको जन्मस्थल नेपालमा

हत्या, हिंसा, आतक मच्चाई रगतको होली खेलिरहेका
गोला, बारुद र बन्दुकको खेल खेल्दै रमाई रहेका
बदला र अहंकारको भावना लिई युद्ध जित्छौं भनिरहेका

# सबैलाई

अहिसाका पूजारी तथा शान्तिका अग्रदूत भगवान बुद्धलाई स्मरण गर्न
हातहतियार त्यागेर वास्तविक विजयी भएका सम्राट अशोकलाई सम्झन
आग्रह गर्दैहामी सम्पूर्ण नेपालीको सुख, शान्ति
र सम्वृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

# एच. बी. कम्प्लेक्स

पृथ्वीचोक, पोखरा

फोन : २३३९६


Wondershare PDFelement

# मेरो जीवन दर्शन

☐ साथीमाधव, पोखरा

प्राकृतिक शाश्वत सत्यलाई हासिल गर्न मानिस धार्मिक हुनु पर्छ वा प्राकृतिक यी कुरालाइं लिएर म अलमलमा परेको छु। मलाई लाग्छ हामीलाई धार्मिक भनि घोकाईएको र पढाईएको आध्यात्मिक भावनाले यस किसिमको अलमलमा पार्न खाजे जस्तो छ। आफू भने प्रकृतिसंग सिधा संपर्क गरेर त्यसलाइं आफ्नो पनमा विकसित गर्दै आएको धार्मिक संगठनले अरुलाई प्राकृतिक समानता हासिल गर्न वाधा अवरोध र वन्धन खडा गरेको छ। यसै कारण हरेक मानिसले प्रकृतिसंग सिधा सम्पर्क र मैत्री गांस्न सकि रहेको छैन। मलाई लाग्छ प्रकृतिलाइं हासिल गर्न धर्मको माध्यम लिएर टेडो वांङ्गो किसिमले हिड्नु भन्दा वितिसकेका धार्मिक भावनालाइं हटाएर प्रकृतिसंग सिधा सम्पर्क र साथ लिनु उपयुक्त हुनेछ।

निरर्थक अवधारणा भएको धार्मिक भावनालाई किन स्वीकार्ने ? यस किसिमको प्रश्न मनमनै उठ्ने गर्छ र यस प्रश्नको समाधान सोच्दा वास्तवमा भन्ने हो भने परम्परागत रुपले मानविय भनिएका मान्यताले जीवन शैलिमा कुनै पनि परिवर्तन ल्याएको छैन र यस कारणले गर्दा मानिस ती मान्यतावाट वाक्क दिक्क भएका छन् जस्तो लाग्छ। मानिसका लागि भनेर कुनै घटना नघटे पनि ती घटनाहरुसंग प्रत्यक्ष किसिमले सामना गर्नु पर्दा प्रकृतिसंग सापेक्ष सम्बन्ध राखि प्रकृतिको साथ लिएर कुनै पनि समस्यालाई निराकरण गर्न सकिन्छ। तर प्रकृतिले दिएको समान अधिकारलाई धर्मले वन्देज गरेर असमानताको विकास गरिदिनाले प्राकृतिक समस्यावाट समाधान पाउन मानिसलाई अति नै कठिन महशुस भएको छ।

धार्मिक परम्परामा आधारित सामाजिक मान्यताले विवेकशील र वैज्ञानिक अवधारणालाइं कुठाराघात गरेकोले परम्परागत मान्यता, दर्शनको घोकाइले थाकेको बुढो दार्शनिक जस्तो फुंग उडेको निरस र उजाड देखिन्छ। अवत, परम्परागत भावना सबै विति सके यसैकारण, नविन युगको थालनि गर्नुपर्ने भाएको छ।

आजको मानिस झगडा गर्न पनि चाहन्न र अन्याय सहन पनि सक्तैन। एक आपसमा मेल मिलाप गरि जीवनलाई मैत्रीपूर्ण किसिमले अगाडि बढाउन चाहान्छ। यसरी अगाडि बढ्न विज्ञानले यति धेरै प्रकाश दिएको छ, त्यो प्रकाशको मुनि वसि अन्धकारमय छलफल अन्धोले गर्ला आँखा भएको योग्य मानिसले गर्न सक्तैन।

सबै मिलेर अन्यायको विरोध गर्नु पर्छ चाहे त्यो धर्मले गरेको अन्याय किन नहोस्। अनन्त दर्शनले यदि दुःख दिन्छ भने त्यस दर्शनको अन्त गर्न सक्नु पर्छ, ईश्वरिय दर्शनवाट कसैले पनि व्यावहारिक सुख पाएको छैन र पाएको छ भने केवल सान्त्वना पाएको छ। धर्मले दिएको सान्त्वनामा आधारित दयामा अलमलिनु भन्दा जति कडा परिश्रम गर्नु परे पनि यस किसिमको जीवन शैलिमा परिवर्तन गरि प्राकृतिक यथार्थतामा आधारित जीवन शैलिको विकास गर्नु सवैको साझा दायित्व हुन आएको छ।

अपराधिक मनस्थिति भएको मानिस त्यति छिटो परिवर्तनशील हुँदैन किनभने यस किसिमको स्वभाव कडा कठोर र हट्टी हुन्छ। यस किसिमको मानिस कहिल्यै झुक्न जान्दैन। समुन्द्रको पानीवाट नुनको गन्ध आए जस्तै धर्मको हट्टी पनवाट आक्रोश र युद्धको गन्ध आइरहेको कारणले गर्दा धर्म युद्धको अन्त भै, शान्तिको स्थापना हुन अझै सकेको छैन।

प्राकृतिक नियमानुसार दोषी मानिस केटा केटी जस्तै जुन सुकै कुरा सहने र ग्रहण गर्न सक्ने हुनु पर्छ र असहमत कुरालाई पन्छाउन पनि सक्नु पर्छ। मानिसलाइं कोमल र दयालु वनाउन प्राकृतिक नियमले सक्छ तर इश्वरलाई मान्दैमा मानिस दयालु र कोमल हुन सक्तैन। प्रकृतिले सम्पूर्ण कार्य स्वयं आफैले सम्पन्न गरे पनि त्यसको जस धर्म र इश्वरले लिन खोजेको देख्दा नाम मात्रका ईश्वरले कामको विवरण दिएर सवैलाइं

अचम्म र आश्चर्यमा पारेका छन् ।

धर्मको मान्यता विकसित भएको समाजमा धर्म नमान्ने मानिस परचक्रि जस्तो हुन्छ । यो परापूर्व काल देखि चल्दै आएको बुढो पुरानो संस्कार हो र यस किसिमको बुढ्यौलि मान्यताको कुनै उपचार छैन किनभने बुढोपन निको हुने कुरा पनि हैन । डुब्न लागेको घामलाई कसले रोक्न सक्छ र ! सवैले भोग्नु एउटै छ चाहे उ धनी होस् वा गरीव, आस्तिक होस् वा नास्तिक बुढो भए पछि अन्तमा सवैले मर्नुपर्छ । मर्ने वेलाको मानिसलाई बाँच्ने अभिलाषा भएमा पूनर्जन्मको कल्पना गर्न सक्छ तर उसको यो योजना कहिल्यै पुरा हुने छैन । मानिस मरेपछि अर्को जीवन पाउनु नपाउनु प्रकृतिक कुरा हो, धार्मिक कुरा हैन । तर पनि यस कुरालाई लिएर धर्म दर्शनले कहिल्यै नथामिने गरि अलाप विलाप गरि रहेकै छ । मलाई पनि मेरा पूर्वजले पूनर्जन्म लिने छन् भन्ने जिज्ञासा लागदथ्यो तर प्राकृतिक रुपबाट यो काम कहिल्यै पुरा नभएको देख्दा मलाई यस कुरामा पटक्कै विश्वास छैन ।

हरेक मानिस हरेक विहानिमा संसारको यात्रामा निस्कन्छन् भने हरेक रात्रीमा त्यो यात्राले विश्राम पाए जस्तै प्राकृतिक सत्य भन्दा वाहिरका अन्धकारमय सोचले पनि अव विश्राम पाउनु पर्छ र चाख नलागेका कुरामा इच्छा जगाउन आवश्यक पनि छैन । तर के गर्नु आफू भित्रका भय र तृष्णाका कारणले गर्दा मानिस ईश्वर प्रति समर्पित छ । जव मानिस मर्दछ उसका भय, त्रास र आशा इच्छा पनि साथ साथै मर्छन् भने मर्ने कुरासंग केको डर ।

जसले ज्यानको मोया गर्छ उ काफर हुन्छ तर मानिस मर्नु कसैको दोष हैन, यो त प्राकृतिक नियम हो र हरेक जन्मेका मानिस मर्नुपर्छ यो शाश्वत नियमलाई कसैले जित्न सक्तैन । आफ्नो विरोधि मर्दैमा खुसि हुनु पनि छैन र लडि रहेको शव देखेर कोहि पनि शव जस्तै किसिमले स्तव्ध हुनु पनि छैन । मलाई यस्तो लाग्छ - म मरेको दिनमा मलाई ठूलो जनसमुहले हेरोस् र सान्त्वना व्यक्त गरोस किनभने मानिसको जीवन बाँचिरहन सक्षम छैन तर मानिस मरेपनि संसारिक नियम चलि नै रहन्छ भने विभिन्न दर्शनको जालोमा जेलिएर उम्कने नसक्ने किसिमले किन चिन्तित हुने ?

सुख दु:ख प्राप्त गर्नु आफ्नो कर्म र मेहनतको फल हो । भाग्यको फल हैन । जो मानिसले आफूलाई विश्वास गर्दैन उसले आफ्नो क्षमता र पुरुषार्थलाई पनि विश्वास गर्दैन र उ अरुको भरोसा र भाग्यमा बाँच्न चाहन्छ । जो मानिस आफ्नो क्षमता भन्दा पनि अझ वढि अनन्त इच्छा जगाएर थकित हुन्छ र केहि गर्न नसक्ने, असक्षम हुन्छ भने उसले आफ्ना जिज्ञासा, मागेर भए पनि पुरा गर्ने जमर्को गर्ने हुँदा मानिस आध्यात्मिक चिन्तन तर्फ लाग्ने गरेको हो । यस किसिमको अतिवादी सोच आध्यात्मको आधारमा विकसित हुँदै आएकाले यस किसिमको सोचमा संसोधन र सुधार आउन जरुरी छ भन्दै मेरो भनाई यहि अन्त गर्छु ।


**बौद्ध दृष्टिमा विजया दशमी अहिंसा पर्व हो**

त्यस दिनमा सम्राट अशोकले हातहतियार परित्याग गरी वास्तविक विजय प्राप्त गरेको दिन हत्या हिंसा माथि अहिंसाको विजय भएको दिन, अन्धकारमाथि प्रकाशको विजय भएको दिन, असत्य युद्धमाथि सत्य र शान्तिको विजय भएको दिन,

**अहिंसा पर्व विजया दशमीको शुभ-उपलक्ष्यमा सम्पूर्ण नेपालीको सुख, शान्ति र सम्वृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना गर्दछौं ।**

शंकर गुरुङ
अध्यक्ष
धर्मोदय सभा, कास्की शाखा, पोखरा

# नेवार जाति र दशैं

□ डा. केशवमान शाक्य

## पृष्ठभूमि

पृथ्वीनारायण शाहले नेपाल खाल्डो जित्नु भन्दा अगाडि यस खाल्डो भित्र बसोबास गर्दै आएका सबै जनालाई नेवार भनिन्थ्यो । नेपालमा शाहहरुले राज्य चलाए पछि नेवार एउटा राज्यबाट विघटित भई जनजाति हुन गए । नेवार जनजाति एउटा वर्ग विशेष नभई एउटा पूर्व राज्य (नेपाः) का पूर्व नागरिकको हैसियतले पहिचान बन्न गएको हो । नेवार जस्तै मगर, गुरुङ्ग, तामाङ्ग, थारु, लिम्बू आदि पनि पृथ्वीनारायण शाहले उनीहरुको नगरात, तमुवान, जडान, थारुवान, लिम्वुवान, राज्यहरुलाई जिते पछि जनजाति बन्न गएका पूर्व राज्यहरुका पूर्व नागरिकहरु हुन् । शाहकाल भन्दा अगाडि यी पूर्व राज्यहरुमा दशैं आजको रुपमा मनाइदैन थियो अर्थात् दशैं नेवारहरुको लागि राष्ट्रिय महत्वको पर्व थिएन । दशैं पर्वलाई हिन्दुहरुले महत्व दिंदै आएको पर्व हो । पृथ्वीनारायण शाहले नेपाललाई बनाउन कल्पना गरेको सिलसिला कै रुपमा नेपाल अधिराज्यको सबै भन्दा नेवार जनजातिले दशैं मनाउने सन्दर्भ छ, त्यो पूर्व किराँतकाल, किरांतकाल, लिच्छवीकाल, मल्लकाल र शाहकालमा बदलिंदै आइरहेको मान्यताको रुपमा बुझ्नु पर्दछ ।

## पूर्व किराँतकाल

पूर्व किरांतकालमा नेपाल खाल्डोमा पहरी (पोंडे), कसाही (नाय्), गोपाली (सापू), चेपाङ (दुंई) आदि जातिहरु कबिलाको रुपमा बसोबास गर्दथे । यी जातिहरुमा सबै भन्दा बढी संस्कृति र राज्य स्वरुप बलियो भएको पोडे जातिलाई मान्न सकिन्छ । पोडे जातिलाई नेवारमा सबैभन्दा पुरानो कविला समुदायको रुपमा मान्न सकिन्छ । उनीहरु नेपाल खाल्डोमा पोखरी सुक्दै गइरहेको बेला देखि नै बागमती नदीको किनार हुँदै माछा मार्दै, सुंगुर पाल्दै आइपुगेका हुन् । उनीहरुले टुकुको माथि उठेका भागमा बसोवास गरी एउटा कविला राज्यको शुरुवात गरेका थिए । यी कविलाहरुमा पूर्खालाई मान्ने संस्कृतिको शुरुवात भएको थियो । पूर्खामा पनि प्रजनन शक्तिका श्रोत नारीलाई पुज्ने मान्यता स्थापित भए अनुसार कबिलामा सबै भन्दा बढी (अजिमाँ) लाई नै राज्य प्रमुखको रुपमा अंगिकार गर्दै आएका थिए । त्यसैले यी प्राचीन कबिला जातिमा आज सम्म पनि अजिमाको हेरचाह बन्दोवस्त गर्ने द्यःपाला (द्यःला) को भूमिका महत्वपूर्ण छ । नेपाल खाल्डोका मुख्य मुख्य अजिमा स्थलहरुको व्यवस्थापन पोडेहरुले गर्दैछन् । अजिमा स्थलहरु जीवित परम्पराबाट संस्थाकरण भई कालान्तरमा प्रतिकात्मक बन्न गएका हुन् । यी अजिमाहरुलाई पूजा गर्ने सबै भन्दा ठूलो दिन पिसाच चतुर्दशी हो । यस दिनलाई नेवारहरुले पाहाँ चर्हे नामले मनाउछन् र नेवारहरुको लागि दशैं भन्दा पनि ठूलो पर्व त्यो थियो । मल्लकालमा आएर मात्र यी अजिमाहरुलाई अष्ट मातृकाको रुपमा लिइयो । कुनै अहिन्दु प्राचीन विषय वस्तुलाई हिन्दु नाम दिएर त्यसका इतिहास र महत्व बदलिने तरिका नै हिन्दुकरण प्रक्रिया हो । तै पनि नेवारहरुले यी अजिमाहरुलाई पुरानै नाउंले पूजा गर्दछन् र हिन्दु नाउंहरु त्यति चलनमा आउन सकेका छैनन् । यी अजिमाहरुले हिन्दु नाउं पाइसकेपछि मात्र दशैंमा पनि मान्ने चलन शुरु भएको हो । राणा शासनमा दशैंमा पशु बलि अनिवार्य गरे पछि यी अजिमाहरुमा बली चढाउने कार्य बढ्न गएको हो ।

## किराँतकाल

नेपाल खाल्डोमा किरांतहरुले राजतन्त्र साथ भित्र पसेर मातृ प्रधान पोडे, गोपाली, कसाही, चेपाङहरुको कबिला राज्य भन्दा शक्तिशाली पुरुष शक्तिलाई राजतन्त्रको रुपमा विकसित शासन पद्धति स्थापना गरे । किरांतहरुमा प्रमुख रुपमा ज्यापूहरु नै किरांत संस्कृतिका प्रवाहक हुन् । किरांतहरुको सभ्यता र संस्कृतिमा अजिमाको साथै आजु (बुढो) लाई मान्ने चलन आयो । इन्द्रजात्रा (योया) मा प्रदर्शन गरिने आजु

घः नै किरांतहरुको राष्ट्र दिवस थियो। योयाको अध्ययन गरेमा किरांत र आर्यहरुको लडाइंको झलक दिन्छ भने आजुको टाउको प्रदर्शनलाई महाभारतकालमा बुद्धको किरांत राजा यलम्बरलाई काटेर टाउको झुण्डाएको प्रतीकको रुपमा पनि मानिन्छ। किरांतहरु पनि नेपाल खाल्डो पसेर पांडेहरुको कविला नजिकै बसेर यिनीहरुले किरांत राजतन्त्र सञ्चालन गरेको बुझिन्छ। टेकु, ब्रह्मटोल वरपर ज्यापूहरुको घना वस्ती र महत्वपूर्ण संस्कृतिका धरोहरहरु पनि यहाँ रहेकाले पनि यसलाई मान्न सकिन्छ। दशैं ताका पञ्चमीको दिनमा मनाइने पचिमन्ह चाड (पचली जात्रा) नै यस भेगको सवै भन्दा ठूलो पर्व हो। यो दिनमा ज्यापू, छिपा (रञ्जितकार) र कसाही (नाय्) तीन जातिहरुसंगै बसेर पचली आजुको पूजा गरी भोज खान्छन्। छिपा जातिले पचलीमा लिंगो खडा गर्छन्। ज्यापू जातिले पचली आजुको घ्याम्पो र ज्यापूले अजिमा र नाय् जातिले राती अजिमाको जात्रा चलाउछन्। यीनै अजिमा र पचली आजुको घ्याम्पोको जात्राको कथावाट नाय् र ज्यापू जातिको बीचमा नाय् कविलाको राजकुमारी र ज्यापू जातिको राजा (पचली आजु) को वैवाहिक सम्बन्ध भई राज्य एकीकरण भएको दृष्य स्पष्ट हुन्छ। सो जात्रामा छिपा जातिले लिंगो गाड्ने र सहभोजनमा समावेश हुने तथ्यले छिपाहरुको महत्वलाई बुझ्नु पर्ने हुन्छ। छिपाहरुको हैसियत के थियो होला भन्ने विषय अध्ययन गर्नु पर्ने हुन्छ। दशैं पर्वमा किरांत जातिले मनाउने प्रमुख दिन पंचमी हो र सो चाड र जात्राको आजको दशैंको अवधारणासंग केही लेन देन छैन।

किरांत राजा जितेदस्तीको समयमा भगवान् बुद्धको प्रादुर्भाव भयो। शाक्यहरुको राज्य कपिलवस्तुमा कोसलका राजा विडुडभले हमला गरी शाक्यहरुको बध गरे। त्यस हमलाबाट भागेर आएका केही शाक्यहरु नेपाल खाल्डोमा पनि पसे। त्यसवेला पूर्व किरांत कविलाहरु र किरांत राजतन्त्रमा प्रमुख जीविका गर्ने उपाय माछा मार्ने र पशु पालन गर्ने थियो। नेपाल खाल्डोमा किरांतहरुको मूल पेशा भेंडा पालन गरी ऊन वेच्ने थियो। बौद्ध ग्रन्थ मूल सर्वास्तीवाद सूत्र र कौटिल्य अर्थ शास्त्रमा नेपाल खाल्डोबाट भेंडाको ऊन निर्यात हुने कुरा लेखिएको पाइन्छ। त्यो जातको भेडालाई आज सम्म पनि 'नेपाः फै' भनिन्छ। येयाः मा आजुलाई नेपाः फै नै बलि चढाउनु पर्दछ। तराई इलाकामा कृषि युग बिस्तार भै सकेको र धान प्रमुख वालीको रुपमा स्थापित भैसकेको र धान प्रमुख वालीको रुपमा स्थापित भैसकेको थियो। कपिलवस्तुवाट शाक्यहरु र देवदहवाट कोलीयहरु भागेर नेपाल खाल्डोमा पसे। उनीहरुले धानको विउ र कृषि व्यवसाय पनि साथै लिएर आएका थिए। यिनीहरुले नेपाल खाल्डोमा धान रोप्न शुरुवात गरे। नयाँ धानको चिउरा कुटी सवैलाई बाँडेर कृषि युग शुरुवात भएको उपलक्ष्यमा धुम धामसित चाड मनाए। दशैं ताका अष्टमीको दिन 'कूछि भ्वय्' खानु पछाडिको अर्थ यही नै हो। 'कूछि भ्वय्' मा नयाँ धानको च्यूराले नै महत्व पाउँछ। यसरी पूर्व कविलाहरु, किरातहरु, शाक्य कोलीयहरुले महत्व दिएर मनाउने दिइने नवमी र दशमीको प्रधान भूमिका रहदैन। साथै भवानी, दुर्गाआदि हिन्दु मातृका हरुको भूमिका पनि थिएन।

## लिच्छवीकाल

वैशालीका लिच्छवीहरु काठमाण्डौमा आएर किरांतहरुलाई हराई लिच्छवी राज्य चलाए। लिच्छवीहरुले राज्य व्यवस्थापनमा मुद्रा, नाप, तौल, पञ्चायत जस्ता संस्थाहरु लाएर आधुनिकिकरण गरे। तर संस्कृतिको हकमा पूर्व किरांत र किरांतका मान्यता र चाड पर्वलाई मान्दै आए। लिच्छवीकालमा बौद्ध धर्म र वैष्णव धर्मले विकास गरे। विहार, मठ, मन्दिरहरु निर्माण भए। लिच्छवीकालमा पनि दशैको महत्व आजको जस्तो थिएन। आजु र अजिमाहरु पनि आफ्नै नाउं र अस्तित्वमा चलिरहेका थिए। लिच्छवीकालमा कृषिले व्यापकता प्रप्त गर्‍यो भने तिव्वत सितको व्यापार पनि मौलायो। नेपाल खाल्डो उत्पादन र व्यापार केन्द्र वन्यो। लिच्छवीहरुले सामन्तवादी अर्थनीति अपनाएको हुंदा किरांतहरु ज्यापू जातिमा परिणत भई भूदास बन्न गए। राज्य बाट विहार र मन्दिरलाई चढाएका जमीनहरुमा काम गर्ने करारमा ज्यापूहरुलाई मोही



Wondershare PDFelement

[illegible]

[illegible]

सम्राट अशोकले हातहतियार परित्याग गरी वास्तविक विजय प्राप्त गरेको

आश्विन शुक्ल दशमीको दिन हो

**त्यस दिन**

हत्या, हिंसा माथि अहिंसाको विजय भएको दिन

अन्धकार माथि प्रकाशको विजय भएको दिन

असत्य र युद्धमाथि सत्य र शान्तिको विजय भएको दिन

**अहिंसा पर्व विजया दशमी हो ।**

यस अहिंसा पर्वको उपलक्ष्यमा सम्पूर्ण शान्ति प्रिय नेपालीहरूको

सुख, शान्ति, आरोग्य, चिरायु र समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना ।

**हिरालाल शाक्य**

पृथ्वी सुन चाँदी दुकान

पृथ्वीचोक, पोखरा, फोन : २०५०१

---

**बौद्ध दृष्टिमा विजया दशमी अहिंसा पर्व हो**

त्यस दिन सम्राट अशोकले

हातहतियार परित्याग गरी वास्तविक विजय प्राप्त गरेको दिन

हत्या, हिंसा माथि अहिंसाको विजय भएको दिन

अन्धकारमाथि प्रकाशको विजय भएको दिन

असत्य युद्ध माथि सत्य र शान्तिको विजय भएको दिन

**अहिंसा पर्व विजया दशमीको शुभउपलक्ष्यमा**

सम्पूर्ण नेपालीको सुख, शान्ति र सम्वृद्धिका लागि

हार्दिक मंङ्गलमय शुभकामना गर्दछौं ।

**इच्छामान बुद्धाचार्य**

इच्छा शक्ति अटोमोवाइल

नयाँ बजार पोखरा

Wondershare PDFelement

थियो । लिच्छविहरुले [illegible] स्थापना [illegible] प्रति [illegible] । [illegible] अघि [illegible] । यी ऐतिहासिक सांस्कृतिक तथ्यहरुको आधारमा लिच्छविकालमा पनि दशैंलाई हिन्दुहरुको महान पर्वको रुपमा मानेको पाइँदैन । लिच्छविकालमा अधिकांश जनता अहिन्दु नै थिए ।

**मल्लकाल**

मल्लकालको आरम्भमा त्यसै दशैंलाई 'मोहनी' को रुपमा मा मान्ने चलन बढ्न गएको हो । मल्ल राजाहरुले तलेजु भवानीलाई आफ्नो इष्ट देवता मान्ने हुनाले तलेजुको मन्दिरहरु निर्माण भई 'मोहनी' मा महाअष्टमी नवमी बलि दिने चलन आयो । अजिमाहरुलाई अष्टमातृकाको रुपमा हेर्ने चलन पनि मल्लकाल देखि नै शुरु भएको हो । तलेजुको जीवित रुप कुमारी स्थापना गरेर शाक्त सम्प्रदायको प्रचार गरे । नव दुर्गा महालक्ष्मी आदि देवीहरुको स्थापना हुन गई महत्व बढ्न थाल्यो । मल्लकालमा 'मोहनी' चाडले राज्यबाट महत्व पाउनुको साथै दरबारका कर्मचारीहरुलाई हिन्दु बन्नु पर्ने स्थिति बनाएर नेवार जातिमा हिन्दु सम्प्रदाय बढाए । शाक्त सम्प्रदायका हिन्दु देवीहरुलाई पशु बलि दिई पूजा गर्ने चलन चलाएर दशैंको आजको स्वरुपको शुरुवात गरेको हो । तर मोहनी नाउँले नै मनाउने चाडमा नौ दिन मात्र थियो । यसरी मल्लकालमा मोहनीको महत्व बढेको देखिन्छ ।

**शाहकाल**

शाहकाल शुरु भए पछि मोहनीलाई गैर नेवारहरुले 'दशैं' नाउँले मनाउन शुरु गरे । राणाहरु प्रधान मन्त्री भई शक्तिशाली भए पछि सारा नेपाली जनताले दशैं अनिवार्य रुपमा मनाउनु पर्ने र पशु बलि दिनु पर्ने गरे । नेवारहरुले हाँस, बोका आफ्नो ज्यासल वा इष्ट देवताहरु कहाँ बली दिनु पर्ने भयो । राई, मगर, गुरुङ, थारु जस्ता जनजातिहरुमा पनि दशैं मनाउनु पर्ने र पशु बली दिनु पर्ने बनाए । भक्तपुरका शाक्यहरुले हाँस बलि दिएर टाउको ज्यासलमा झुण्डाउनु पर्ने, पूर्वमा राई लिम्बूहरुले दशैंमा पशु बलि दिएको प्रमाण स्वरुप घरको भित्तामा रगत चोपलेर हातको पंजाको दाम छाप्नु पर्ने नियम बनाए । सरकारी कर्मचारीहरुले अनिवार्य रुपले पशु बलि दिनु पर्ने बनाए । कसैले पशु बलि नदिएमा राणाहरु कहाँ ऊजुरी पर्थ्यो र नराम्रो कारवाही हुन्थ्यो । यसरी दशैं मान्ने र पशु बलि दिने कार्यलाई नेपाली जनतालाई हिन्दु करण गर्ने राज्यले नै चलाएको अभियान थियो । अजिमाहरुको मन्दिरमा प्राचीनकालमा कुनै रुपयुक्त मूर्ति हुदैनथ्यो भने पछि अष्टमातृकाको मूर्ति बनाई अजिमाहरुलाई मूर्तिरुप प्रदान गरियो । त्यस्तै आजुकलाई भैरव मूर्तिको रुप प्रदान गरियो । शाहकालमा आएर मात्र दशमीलाई महत्व दिइयो र दशैंलाई 'विजया दशमी' भनि अर्थ लगाइयो । यो पर्वलाई नवमीमा दुर्गाले महिषासुरलाई मारेको र दशमीमा रामले रावण मारेको कथासँग जोडियो । दशैंलाई अहिले पनि हिन्दुहरुको महान पर्व भनेर राज्यका संचार साधनबाट प्रचार गर्ने गरिएको छ ।

**प्रजातन्त्रकाल**

वि.सं २०४६ मा जनआन्दोलन सफल भएर संवैधानिक राजतन्त्रको बहुदलिय प्रजातन्त्र आयो । संविधान निर्माणको समयमा नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषित गरियोस भनी विविध धार्मिक संघ संस्थाहरु, जनजाति संघ संस्थाहरुले अभियान अघि सारेका हुन् । सोही अभियानको परिणाम स्वरुप विभिन्न जनजातिहरु मिलेर जनजाति महासंघ खडा हुन गएको छ । यो महासंघको आव्हानमा दशैं बहिस्कार अभियान शुरु गरेका छन् । नेवार जातिहरुमा पनि यस बारे चर्चा शुरु भएको छ । हिन्दू नेवारहरुमा पनि आफ्ना पुर्खौली पहिचानको खोज गर्ने चासो बढेको छ । अधिकांश नेवारहरु आज हिन्दू भएर बसेता पनि पुर्खौलीहरु हिन्दू नभएको कुराहरु प्रकाशमा आइरहेका छन् । हिन्दूहरुले आजको युगमा पनि दशैंको नाउँमा

गर्ने गर्दाको [illegible] सम्पत्तिको बारे पनि प्रश्नहरु उठाउन थालिएका छन् । अहिले प्रजातन्त्रको खुला वातावरणमा भारतबाट आएका केही समुदायहरुले भने दुर्गाको नयाँ मूर्ति बनाई धुमधाम साथ पूजा गरि नदीमा लगि विसर्जन गर्ने नयाँ जात्रा पनि शुरु गरेका छन् । टोल टोलमा उभ्याइने भारतीय शैलीका यी मूर्तिहरुको पुजा प्रचलनले नेपाली परम्परालाई तोडेर नयाँ संस्कृतिको सूत्रपात गर्ने जमर्को गरिरहेका छन् ।

**उपसंहार**

पूर्व किरातकाल देखि मल्लकाल सम्ममा जो र जति मानिसहरु नेपाल खाल्डोमा पसे, उनीहरुले आ-आफ्नो पूर्व राष्ट्रियतालाई बिर्सेर नेवार संस्कृतिमा विलय भएर नेवार बन्दै आएका थिए । उनीहरु नेवार बनेर नेवार संस्कृतिलाई धनि र सम्पन्न बनाउँदै आए । तर शाहकालमा पसेकाहरुले भने नेवार संस्कृति अपनाएर नेवारमा विलिन हुन सकेनन् वा चाहेनन् । नेपालमा धार्मिक सहिष्णुता र सांस्कृतिक सामञ्जस्यता कायम भइरहेकाले यस्ता संवेदनशील विषयमा राज्यले खेल्नु पर्ने भूमिका बारे गम्भीर भएर सोच्नु पर्ने हुँदैछ ।


नेपाल मातको महान पर्व

शुभ विजया दशमीको

शुभ उपलक्ष्यमा

सम्पूर्ण उद्योगी, व्यापारी

एवं

अर्थ, उद्योग र व्यापारसंग सम्बन्धित सम्पूर्ण महानुभावहरुको

सुख, शान्ति र समृद्धिको लागि

हार्दिक मङ्गलमय

शुभकामना ।

रमेश कर्माचार्य

अध्यक्ष

पोखरा उद्योग वाणिज्य संघ परिवार, पोखरा

फोन : २०२६४/२२१९४

पाँच वर्ष पहिलेको धर्मचक्षुबाट

# नेपालमा बुद्धकालीन पुरातात्विक महत्वका स्थलहरु

□ सह प्रा. छत्रराज शाक्य

नेपालका महान विभूति भगवान गौतम बुद्धको मैत्री, अहिंसा र शान्ति सन्देशहरु वर्तमान विश्वशान्तिको लागि धेरै महत्वपूर्ण हुन आएको छ। बुद्धका शिक्षा उपदेश र सन्देशहरु एशियाबाट अब पश्चिमेली वेलायत, जर्मनी, अमेरिका आदि देशहरुमा फैलिरहेका छन्। यी मुलुकहरुमा बौद्ध विहारहरु एवं विपस्यना ध्यान केन्द्रहरुको स्थापना एवं पश्चिमेलीहरु बौद्ध भिक्षु वन्ने क्रम तिव्र गतिले वृद्धि भइरहेका छन्। यही सन्दर्भमा २६०० वर्ष अघिका बुद्धकालीन तीर्थस्थल, भग्नावशेष, पुरातात्विक महत्वका स्थलहरु बौद्धहरुको लागि मात्र होइन, सम्पूर्ण शान्तिप्रिय विश्व मानवका लागि नै महत्वको विषय वनेको छ। बुद्धको जीवनका चार महत्वपूर्ण घटनाहरु भएका स्थलहरु - जन्मस्थल लुम्विनी (नेपाल) बुद्धत्व ज्ञान प्राप्त स्थल भारतको बुद्धगया, धर्मचक्र प्रवर्तन अर्थात प्रथम उपदेश दिएको ठाउँ बनारसको सारनाथ र महापरिनिर्वाण स्थल कुशिनगरलाइं प्रथम श्रेणीको चार बौद्ध तीर्थस्थलको रुपमा मानिन्छ। त्यस पछि दोश्रो श्रेणीको चार तीर्थस्थलहरुमा बुद्धको पिता राजा शुद्धोदनको राज्य कपिलवस्तु (नेपाल), मावली राज्य देवदह (नेपाल), त्रयत्रिंश भुवनबाट ओर्लेको स्थल संकास्य (भारत) र सबभन्दा बढी जीवन विताउनु भएको श्रावस्ती (भारत) पर्दछ।

उपरोक्त आठ स्थलहरु मध्ये लुम्विनी, कपिलवस्तु र देवदह नेपालको तराई लुम्बिनी अञ्चलको रुपन्देही र कपिलवस्तु जिल्लामा पर्दछ। नेपाल भित्र पर्ने सम्पूर्ण बुद्धकालीन तीर्थस्थलहरु लुम्बिनी अञ्चलमा पर्नु अञ्चलवासीको लागि गौरवको कुरा हो। यसको साथै कपिलवस्तु जिल्लामा बौद्ध इतिहास सित सम्बन्धित सगरहवा, गोटीहवा, तिगिलहवा, कुदान आदि स्थलहरु पर्दछन्। उपरोक्त स्थलहरु मध्ये प्रमुख लुम्बिनी, कपिलवस्तु र देवदह ती स्थलहरुको मात्र संक्षिप्तमा यहाँ चर्चा गरिने छ।

## १. लुम्बिनी:

ई.पू. ६२३ मा सिद्धार्थ कुमारको जन्म यही लुम्विनी शालोद्यानमा भएको थियो। लुम्बिनी रुपन्देही जिल्ला अन्तर्गत सिद्धार्थनगरबाट २३ कि.मी. पश्चिममा पर्दछ। ई.पू. २४५ मा सम्राट अशोका राज्यारोहणको बीस वर्ष पछि लुम्बिनीमा आई शिला स्तम्भ स्थापना गरेका थिए। उनले केही विहार भवनहरु र स्तूप पनि वनाएका थिए। सन् ४०३ र ६३६ मा क्रमशः चिनीया यात्रीहरु फाहियान र ह्वेनसाँग पनि लुम्विनी आएको उनीहरुको 'यात्रा वर्णन' इतिहासबाट ज्ञात हुन्छ। ह्वेनसाँगले आफ्नो यात्रा वर्णनमा कपिलवस्तुबाट ८०-९० ली. (अन्दाजी १५-१६ माइल) उत्तर पूर्व गए पछि लफनी (लुम्विनी) उद्यानमा पुगेको र त्यहाँ सुन्दर पोखरी भएको र केही पर अशोकको शिला स्तम्भको माथिल्लो हिस्सामा घोडाको आकृति भएको र स्तम्भ चर्किएको आदि कुरा लेखिएका छन्।

शताब्दियौं सम्म निर्जन उजाँड रुपमा रहे पछि लुम्विनीमा सबै कुरा जिर्ण र भत्किदै पृथ्वीको गर्भमा पुरिदै गए। पछि सन् १८९६ मा तत्कालीन पाल्पाका गभर्नर खड्ग शम्शेर र जर्मनीका डा. फुहररले उत्खनन गरी अशोक स्तम्भ पत्ता लगाए पछि हराइराखेको भगवान बुद्धको जन्मस्थल लुम्विनी पत्ता लागेको हो। अशोक स्तम्भमा ब्राम्ही लिपीमा "हिदं बुधे जाते सक्यमुनीति" अर्थात 'यहाँ बुद्ध शाक्यमुनि जन्मेको हो" भनि लेखि राखेकोले नै बुद्ध जन्मेको ठाउँ लुम्विनी नै हो भनि प्रमाणित भएको हो। साथै हाल जापानको सहयोगमा लुम्विनी मायादेवी मन्दिरको तल पुरातात्विक उत्खननबाट पत्ता लागेको गर्भगृह नै केही सार्क देशहरुका पुरातत्वविद्हरुले अध्ययन गरेर बुद्धको जन्मस्थल भएको बताए पछि, नेपालको प्रधानमन्त्रीले औपचारिक

रुपमा सो कुरा सार्वजनिक गर्नु भएपछि, अब यसमा विवाद गर्नुपर्ने ठाउँ नै रहेन। सन् १८९९ मा पुरातत्वविद पी.सी. मुखर्जीले, सन १९३३ र ३९ मा केशर शम्शेरले, १९६२ मा भारतका श्रीमती देवल मित्रले र १९७० - ७१ मा नेपालको पुरातत्व विभागले लुम्बिनीमा उत्खनन गरी पुरातात्विक महत्वका धेरै कुराहरु पत्ता लगाएका छन्।

सन् १९६७ मा संयुक्त राष्ट्र संघका तात्कालीन महासचिव स्व. उथान्त र स्व. श्री महेन्द्र वीच विचार विमर्श भई यस पवित्र स्थललाई विश्वशान्तिको केन्द्रस्थल बनाउने निधो भई सं.रा.संघबाट सहयोग हुन थाल्यो सन् १९७२ मा जापानका सुप्रसिद्ध वास्तुकलाविद प्रो. केन्जो टाँगेले "लुम्बिनी गुरु योजना" तयार गर्नु भयो। सो योजना अनुसार उत्तर दक्षिण ३ मील र पूर्व पश्चिम १ मील करीव ११५० विघा जमीन अधिग्रहण गरी, पवित्र उद्यान, मठ विहार क्षेत्र र लुम्बिनी ग्राम गरी तीन भागमा विभाजन गरिएको छ। करीव एक दशकको प्रयासबाट आधारभूत कुराहरु भैरहवा - लुम्बिनी सडक, पानी, बिजुली, वृक्षारोपण आदि कार्यहरु पूरा गरिएको छ। हाल विभिन्न मित्रराष्ट्रहरु जापान, थाइलैण्ड, चीन, श्रीलङ्का, कोरीया, भियतनाम आदि देशहरुले बौद्ध विहार एवं आवासगृहहरु निर्माण गरिएका छन्। म्यानमारले बौद्ध स्तूप र रेयूकाई जापानवाट अन्तर्राष्ट्रिय बौद्ध अनुसन्धान केन्द् भवन तयार गरिसकेका छन्। यसरी पावन भूमि लुम्बिनीको ढिलै भएपनि विकास भइरहेकोमा सन्तोष मान्नु पर्दछ।

## २ कपिलवस्तु:

भारतबाट निर्वासित जीवन विताउन आएका राजा ओक्काकका ५ छोरी र ४ छोराहरुले कपिलमुनिको अनुमति लिई भागीरथी (वाणगंगा) नदीको किनारमा वसाएको वस्तीलाई नै कपिलवस्तु भनिएको हो। कपिलवस्तुमा उत्खनन गरी फेला परेको ग्रेवेयर र रेड्वेयर माटाका भाँडाकुडा सामग्रीहरु सातौं र आठौं शताब्दी ई.पू.भएको मानिएकोले, कपिलवस्तुको वस्ती पनि यति नै पुरानो होला भन्ने अनुमान लगाउन सकिन्छ। कालान्तरमा कपिलवस्तु विनास भईलुप्त हुन गई जङ्गलमा परिणत भएको अनुमान छ। ई.पू. २४५ मा राजा अशोकले कपिलवस्तु भ्रमण गर्दा निग्लीहवा र गोटीहवामा अशोक स्तम्भ खडा गरेका थिए। सातौं शताब्दीमा यात्रा गर्ने चिनीया यात्री ह्वेनसाँगले कपिलवस्तु नगर सुनसान उजाड भएको घरहरु भत्केका खाली रहेका कपिलवस्तु दरवारमा राजा शुद्धोदनको र बुद्धको मूर्ति बनाई राखेको आदि कुराको वर्णन गरिएको पाइन्छ।

इतिहासको गर्भमा हराईराखेको बुद्ध पितृभूमि प्राचीन कपिलवस्तु गणराज्यको खोजी विभिन्न पुरात्वविदहरुले उत्खनन कार्य शुर गरेर गर्न थाले। सन् १८९८ मा भारतका पुरातत्वविद पी.सी. मुखर्जीले हालको तौलिहवाको ३ कि.मी. उत्तरमा पर्ने तिलौराकोट नै प्राचीन शाक्यहरुको राजधानी कपिलवस्तु दरवार हुन सक्ने कुरा प्रकाशमा ल्याए। सन् १९६८ मा श्रीमती देवला मित्रको नेतृत्वमा उत्खनन कार्य भयो। सन् १९६५ मा नेपालको पुरातत्व विभाग र १९६६-६७ मा जापानको रिस्सो विश्वविद्यालयको संयुक्त आयोजनामा तिलौराकोटमा व्यापक उत्खनन कार्य भयो। यो उत्खनन्मा दरवारको धेरै हिस्साहरु ललितविस्तर बौद्ध ग्रन्थमा उल्लेख भए अनुसार फेला परे। दरवार उत्तर दक्षिण १६०० फुट लम्बाई र पूर्व पश्चिम १००० फुट चौडाई भएको, वरपर ९ देखि १२ फुट चौडा पर्खालले घेरेको र त्यस वाहिर माटोको ठूलो सुरक्षात्मक खाल्डो १९ फुट चौडा ढुङ्गाले छापेको सडक, ८ ईन्च गहिरो फलामको धाउले सोलिङ्ग गरेको र धेरै माटा र अन्य वस्तु फेला परेकाले पुरात्त्व विद्हरुले प्राचीन कपिलवस्तु तिलौराकोट नै भएको प्रमाणित गरे। चिनीया यात्रीहरु फाहियान र ह्वेनसांगको यात्रा वर्णन अनुसार पनि तिलौराकोटमा नै प्राचीन दरवार देखेको स्पष्ट वर्णन छ। सन् १९०१ मा प्रकाशित प्रतिवेदनमा पी.सी. मुखर्जीले लेखेको छ - "मैले स्वयं विचार गर्दा पनि यहांका घरहरुलाई ललित विस्तरमा उल्लेखित वस्तु विशेषता अनुसार कै पाए।" पछि राइट्स डेभिस, मेजर वाडेन,

डा. मित्र र कनिंघमले पनि तिलौराकोटलाई नै प्राचीन कपिलवस्तु दरवारमा मानेका छन्।

तर सन् १९७३ देखि भारतका केही पत्रपत्रिकाहरुमा केही पुरातत्वविद र लेखकहरुले भारतको नौगढ नजिकको पिप्रहवालाई प्राचीन बुद्धकालीन कपिलवस्तु हो भनी भ्रामक प्रचार प्रसार गर्दै लेख प्रकाशित गर्दै आएका छन्। गत डिसेम्बर १९९२ मा "कपिलवस्तु महोत्सव सिद्धार्थनगर जनपद (कपिलवस्तु) गौतमबुद्धको धर्ती पिप्रहवा" भनी प्रचार गरी कार्यक्रम पनि मनाए। मित्र राष्ट्र भारतबाट यो दुःख लाग्दो व्यवहार भई राखेकोछ। त्यहाँ एउटा ढुङ्गाको बाकस भित्र भगवान बुद्धको अस्थिधातु, अस्थि कलश, केही मुद्राहरु फेला परेका छन्। बट्टामा लेखिएको अनुसार बुद्धको अस्थि सँगै आफ्ना शाक्य कुटुम्बहरुको अस्थि राखिएको भनि लेखे अनुसार तत्कालीन मगध राज्य (भारत) को राजा विड्डूडभले कपिलवस्तुका शाक्यहरुको नर संहार गर्दा एक समूह भागेर गई पिप्रहवामा सो अस्थी राखी स्तूप निर्माण हुन सक्ने कुरा प्रकाशमा आएको छ। क्रमशः २१ र २६ वटा कोठाहरु भएका २ वटा भवनका भग्नावशेष फेला परेको छ। सो भवनहरु भिक्षुहरु बस्ने संघाराम हुन सक्दछ। ती भवनहरु ललित विस्तर ग्रन्थमा उल्लेख गरे अनुसार कपिलवस्तु राज्यको बीच सिमानाको रुपमा रहेको रोहिणी नदी पनि त्यहाँ देखिँदैन। राष्ट्रिय संग्रहालय दिल्ली, भारतका निर्देशक एन. आर.बेनर्जीले भनेको छ - "पिप्रहवाको उत्खनन्‌बाट प्राप्त सामाग्रीबाट प्राचीन कपिलवस्तु सावित हुँदैन।"

अतः श्री ५ को सरकार र हामी सम्पूर्ण नेपालीहरुले तिलौराकोट नै प्राचीन कपिलवस्तु भएको तथ्यपूर्ण कुरालाई प्रचार प्रसार गर्नु पर्ने र उक्त भ्रम निवारण गर्नलाई सरकारी स्तरमा पनि कदम चाल्नु पर्ने नितान्त आवश्यक हुन आएको छ।

## ३. देवदह, रामग्राम

भारतको वनारसबाट आएका राजा रामले राजा ओक्काकका जेठी छोरी (दुवै कोढ रोग ग्रस्त भएका) सित विवाह गरी कोल वृक्ष मुनि बसी वस्ती वसाएको स्थललाई नै कोलिय नगर, व्याघ्रपुर, देवदह वा रामग्राम भन्न थालियो। गौतम बुद्धको मावली राज्य देवदह नै थियो। देवदह वासीलाई कोलिय शाक्य भनिन्छ। बुद्धकालमा कोलिय नगर वा देवदह एउटा प्रमुख नगर थियो।

भगवान बुद्धको महापरिनिर्वाण कुशीनगर (भारत) ई.पू. ४८३ मा भए पछि, बुद्धको पवित्र अस्थि धातु लिन ८ स्थानका व्यक्तिहरु कुशीनगर पुगेको कुरा दीर्घ निकाय ग्रन्थको महापरिनिब्बान सूत्रबाट स्पष्ट हुन्छ। ती मध्ये रामग्रामको कोलिय शाक्यहरुले पनि एक हिस्सा अस्थिधातुल्याई रामग्राममा भव्य स्तूप वनाएका थिए।

भगवान बुद्धका अनुयायी बौद्धहरुको लागि यसरी अस्थिधातु भित्र राखेर वनाएको स्तूप अति श्रद्धायुक्त हुनुको साथै धार्मिक दृष्टिकोणले ज्यादै महत्वपूर्ण हुन्छ। सम्राट अशोकले ई.पू. २४५ मा रामग्रामको भ्रमण गर्दा उक्त अस्थि धातु रामग्राम स्तूप नागहरु, हात्तीहरुले सुरक्षा गरिराखेकोले अस्थि लिएर जान सकेनन् भन्ने इतिहासमा उल्लेख छ। धेरै समय पछि देवदह रामग्राम पनि उजाड भई लुप्त हुन गई जङ्गलमा परिणत भएको पाइन्छ।

पाँचौं शताब्दीमा चिनीया बौद्ध यात्री फाहियानले रामग्रामको यात्रा गरि यात्रा संस्मरणमा उल्लेख गरे अनुसार त्यसताका रामग्रामनगर भग्न अवस्थामा थियो तर, त्यहाँको स्तूप भने राम्रो अवस्थामा थियो। स्तूपको नजिकै एउटा पुष्करिणी (पोखरी) भएको पनि उल्लेख गरेको छ। पोखरीमा नाग भएको पनि चर्चा गरेको पाइन्छ। सातौं शताब्दीमा अर्को चिनीया बौद्ध यात्री ह्वेनसाँगले पनि इ.सन् ६३६-३७ मा रामग्रामको यात्रा गरेको थियो। उनको यात्रा वर्णनमा लेखिएको छ - "लनमो (रामग्राम) राज्य अनेक वर्षदेखि उजाड छ। यसको क्षेत्रफलको कुनै ठीक हिवसाव छैन। नगर सबै नष्ट भ्रष्ट भएको छ, केवल केही वासिन्दाहरु बाँकी रहेका छ। प्राचीन राजधानीको दक्षिण पूर्वमा एक स्तूप ईटाको छ। यसको उचाई १०० फुटभन्दा कम छ।" ह्वेनसंग कपिलवस्तुबाट ५०० लि. (९३ माईल) पूर्व तिर यात्रा गरे पछि रामग्राम पुगेको वताईएको छ।

सन् १८९८ मा पुरातत्वविद डा. *(HOEY)* ले खोज गरि प्रतिवेदन दिए अनुसार - "लुम्बिनी

कपिलवस्तुबाट पूर्वतिर रामग्राम राज्य करीब ४० माइल दूरीमा पर्दछ । मेरो विचारमा रामग्राम राजधानी नेपालको अक्षांश ८३ डिग्री ४९' पूर्व देशान्तरमा हुनु पर्दछ ।" उपरोक्त भनाई अनुसार रामग्राम हाल परासी बजारको ३ २ कि.मी. दक्षिण पूर्वकारही खोलाको किनारमा करीब ३० फुट अग्लो ७० फुट चौडा भएको स्तूपकोभग्नावशेष फेला परेको छ। धेरै जसो पुरातत्वविद् र विद्वानहरुले यसैलाई प्राचीन रामग्राम स्तूप हुन सक्ने कुरा बताउँदै आएको छ। बुटवल -सुनवल सडकको बीच भलुही -शितलनगरबाट दक्षिण ३ कि.मी. कच्ची सडक गए पछि भवानीपुरमा बहिरीमाई र कन्या माईका मन्दिरहरु र एउटा पानी सुकेको कुवा। देवदह र त्यो ठाउँको पश्चिम तिर जङ्गलमा निकै ठूलो क्षेत्रफलमा ईंटा टुक्राहरु भएको भग्नावशेष थुम्को रहेको छ । यो क्षेत्र देवदह वा कोलिय नगरको भग्नावशेष हुन सक्ने अनुमान गर्न सकिन्छ । अत: बुद्धको मावली राज्य देवदहको श्री ५ को सरकार पुरातत्व बिभागले विस्तृत वैज्ञानिक उत्खनन् सर्वेक्षण गरी सो ठाउँ पत्ता लगाई किटान गर्नुपर्ने नितान्त आवश्यक भएको छ ।

लुम्बिनी अञ्चलको आर्थिक सामाजिक जनजीवनमा उपरोक्त बुद्धकालीन स्थलहरुको महत्वपूर्ण भूमिका रहने निर्विवाद छ । लुम्बिनी क्षेत्रको संरक्षण एवं विकास भईरहेको सन्तोषप्रद छ भन्नु पर्दछ । तर कपिलवस्तु र देवदह रामग्राम क्षेत्रको संरक्षण भइरहेको छैन । साथैं पर्याप्त पुरातात्विक उत्खनन कार्य हालसम्म हुन सकिरहेको छैन । अत: यस दिशातर्फ ध्यान दिनु जरुरी छ । लुम्बिनीमा वर्षेनी करीब ४०,००० बौद्ध र अन्य तीर्थयात्रीहरु विभिन्न देशहरुबाट आउने गर्दछन् । यात्रुहरुको बसाई र भोजनको उचित पर्याप्त धर्मशाला होटल आदिको व्यवस्था हुन सकेको छैन । भारतको पिप्रहवा क्षेत्रमा यातायात होटल आदिको व्यवस्था भारत सरकारले राम्ररी गरेकोले उतैबाट यात्रीहरु आई लुम्बिनी दर्शन गरी सोही दिन फर्कने गरिराखेका छन् । अत: लुम्बिनी क्षेत्रमा आवश्यक व्यवस्था सुधार गर्न सकेमा यस क्षेत्रका बासिन्दाले पर्याप्त रोजगार प्राप्त गरी आर्थिक आयस्तर समेतमा वृद्धि हुन जाने देखिन्छ भने राष्ट्रलाई पनि यी पर्यटकहरुबाट विदेशी मुद्रा पर्याप्त आमदानी हुने देखिन्छ ।

हाल सम्म लुम्बिनी कपिलवस्तु सडक पक्की हुन सकेको छैन । त्यस्तै देवदह र रामग्राम जाने राम्रो यातायात व्यवस्था छैन । अत: कपिलवस्तु - लुम्बिनी सिद्धार्थनगर - परासी - रामग्राम देवदह - बुटवल - तानसेन (बौद्ध विहार शाक्यहरुको शहर) बीच पर्यटकीय राम्रो स्तरीय चक्रपथ निर्माण गर्न सकेमा, लुम्बिनीअञ्चलका विभिन जिल्लाहरुमा सामाजिक आर्थिक गतिविधि वृद्धि हुन गई सर्वाङ्गीण विकास हुन जाने कुरामा विश्वस्त हुन सकिन्छ ।

**नेपाली मात्रको महान पर्व विजया दशमीको**
शुभ उपलक्ष्यमा हामी हाम्रा समस्त ग्राहक एवं शुभेच्छुक
*महानुभावहरुमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक*
शुभकामना व्यक्त गर्दछौं ।

प्रो. पुरुषोत्तम रेग्मी

**नारायणी ड्राइभिङ्ग इन्स्टिच्यूट**
पोखरा-८, नयाँ बजार, फोन ०६१-२८६७५, ०६१-३५०३३ (निवास)
विभिन्न किसिमका सवारीसाधनहरु सिक्नको लागि र सिकेका साधनहरुको
लाइसेन्स निकाल्न सहयोगको लागि हामीलाई सम्झनुहोस् ।

# बुद्धको वैज्ञानिक चिन्तन पद्धति

❑ कपिल अधिकारी

धर्म भन्ने बित्तिकै सामान्यतः मानिसको मानसपटलमा आउने पहिलो चित्र हो सर्वव्यापी, सर्वशक्तिमान्, शाश्वत, सर्वज्ञ एउटा परमसत्ता, जसलाई ईश्वर, परमात्मा आदि नामले पुकारिन्छ । त्यही परम सत्तालाई नै मनुष्यको तथा समस्त ब्रह्माण्डका स्वामीका रूपमा चित्रित गर्दै मनुष्य ईश्वराश्रित छ र ईश्वरको इच्छा बाहेक मनुष्यले केही गर्न सक्दैन भन्ने कुरामा विशेष जोड दिने गर्दछन् धर्मले । यस अर्थमा ईश्वर र धर्म जोडिएका छन् । धर्मले ईश्वरको अस्तित्वलाई स्थापित गर्ने कोशिश गर्दछन् । यदि धर्मलाई ईश्वरसँग अभिन्न अङ्गको रूपमा जोड्ने हो भने बुद्ध धर्मलाई बुद्ध धर्म नभनी बुद्धको विचार अथवा बुद्ध दर्शन भन्नु पर्ने हुन्छ किनकि अन्य धर्महरूमा झैं बुद्धले प्रतिपादन गर्नुभएको धर्ममा त्यस्तो परमसत्ताको कुनै अस्तित्व छैन तर यदि बुद्धको विचारलाई पनि धर्म नै भन्ने हो भने धर्मको उपरोक्त अर्थमा व्यापक संशोधन गर्नुपर्ने हुन्छ ।

ईश्वरसँग जोडिएका सम्पूर्ण धर्महरूले अन्वेषक, चिन्तन, तर्क र वस्तुगत यथार्थलाई किमार्थ स्वीकार गर्दैनन् । यस अर्थमा तिनीहरूले विज्ञानलाई पनि आफ्नो चिर विरोधी ठान्दछन् । जसको फलस्वरूप मानिसलाई पराश्रित, हठी, अविवेकी र अवैज्ञानिक बनाउँदछन् । यसको विपरीत, बुद्ध धर्मले मानिसलाई ईश्वरको काल्पनिक जालोबाट मुक्त गरी जीवन र जगतका कुनै पनि घटनाको सत्य तथ्य पत्ता लगाउन अन्वेषक र संदेहवादी चित्तको विकास गर्न जोड दिन्छ र त्यही कारणले बुद्ध दर्शनलाई वैज्ञानिक दर्शन भनी व्याख्या पनि गरिएको छ ।

वैज्ञानिक चित्तको लागि सबैभन्दा प्रमुख आधार स्तम्भ हो - संगठित संदेहवाद । आफूभन्दा ठूलाबडाले भनेको, गुरुले भनेको, पिताले भनेको भन्दैमा बिना परीक्षण, बिना संदेह मानिहाल्ने चरित्र कुनै पनि मानिसमा वैज्ञानिक चरित्र हुन सक्दैन । यसको मतलब वैज्ञानिक संस्कारको लागि कसैको पनि कुरा मान्नु हुँदैन भन्ने अर्थ भने कदापि होइन । गुरु र वैज्ञानिक समाजको लागि पनि शालीनता तर वैज्ञानिक चित्त भएका शिष्यले चुपचाप, बिना कुनै परीक्षण, आफ्नो विवेकको कसीमा पनि प्रयोग नगरी गुरुको शिक्षालाई ग्रहण गर्दैनन्, न त वैज्ञानिक चित्त भएको गुरुले नै शिष्यले यसो गरोस् भनी अपेक्षा राखेको हुन्छ । न्यूटन देखि आइन्स्टाइनसम्मको विकासको कारण पनि यही संदेहवाद हो । न्यूटनले आफ्ना सिद्धान्तहरू प्रतिपादन गर्नुको कारण संदेह नै थियो भने न्यूटन लगायतका पुराना सबै वैज्ञानिकहरूले प्रतिपादन गरेका सिद्धान्त चुपचाप बिना कुनै परीक्षण स्वीकारिने भएको भए आइन्स्टाइनले आफ्ना वैज्ञानिक सिद्धान्तहरू प्रतिपादन गर्न असम्भव नै थियो । यस किसिमले विज्ञानको विकासका लागि संदेह प्राथमिक खाँबो हो । यसको विपरीत, ईश्वरवादीहरू संदेह, तर्क र परीक्षणलाई मान्यता दिँदैनन् । उनीहरूको जोड अन्ध भक्तहरूको निर्माणमा बढी हुन्छ, सचेत र विवेकी अनुयायीहरू उनीहरूका लागि हानिकारक सिद्ध हुन्छन् । धर्म गुरु अथवा धर्म ग्रन्थले भनेका सम्पूर्ण कुराहरूलाई बिना शर्त स्वीकार गर्नु ईश्वरवादीहरूको प्रथम शर्त हो । उनीहरूको यही हठका कारण मानव समाजले धेरै कौतुहलपूर्ण कार्यहरूको साक्षात्कार गर्नु परेको छ । यही हठका कारण वैज्ञानिक ग्यालिलियोले विनाकारण दण्ड पाउनुपर्‍यो, जीओर्दानो ब्रुनो जिउँदै डढाइए र अरु पनि कति कति महापुरुषहरू अपमानित हुनु पर्‍यो ।

बुद्ध दर्शन जुन सिद्धान्तहरूमा आधारित छ ती वैज्ञानिक सिद्धान्तहरू हुन् भन्ने पुष्टि गर्ने आधार के हो भने अन्य धर्म जस्तो बुद्ध दर्शन कुनै ईश्वरीय सत्ताको निर्माण काल्पनिक सिद्धान्तमा आधारित छैन र यस दर्शन आफैंमा कुनै आकाशवाणीको रूपमा ईश्वरको वचन हुने भन्ने मान्यता कुराबाट मात्र [illegible]

आध्यात्मिक यात्रा शुरु गरी अन्त्य सम्मका सम्पूर्ण सत्यलाई नै प्रस्तुत गर्ने दावी गर्दैन। त्यसै गरी कुनै पनि दर्शन तथा विचारको अन्धसमर्थन नगर्ने आग्रह गर्ने क्रममा बुद्धले स्वयं प्रतिपादन गर्नु भएका विचारमाथि पनि परीक्षण गरेर मात्र स्वीकार्नु पर्ने कुरामा जोड दिनु भएको छ। आफ्ना शिष्यहरुलाई बुद्ध भन्नु हुन्थ्यो - 'जसरी सुनलाई पहिले पोलेर, पिटेर, कसीमा घोटेर जाँच्नु पर्दछ र चित्त बुझेपछि मात्र ग्रहण गर्नु पर्दछ, उसैगरी मेरा वाणीहरुलाई पनि विवेकको कसीमा घोटेर मात्र ग्रहण गर्नु पर्दछ। केवल भक्तिका भरमा ग्रहण गर्नु हुँदैन।' यस्तो न्यायपूर्ण तथा भय रहित घोषणा गरी मनुष्यवर्गलाई परम्परागत ग्रन्थप्रमाण बाट मुक्त गर्नु बुद्ध धर्मको वैज्ञानिक पक्ष हो।

प्रकृति र प्राकृतिक शक्तिको अनन्त ज्ञानको खोजीमा संलग्न आधुनिक वैज्ञानिकले जसरी कुनै पनि सिद्धान्तको प्रतिपादन गर्दा निश्चित ज्ञात तथ्यहरु र अनुमानहरुबाट अध्ययनको कार्य शुरु गरी खुल्ला मन, विवेक र स्वतन्त्र चिन्तनले विशुद्ध जिज्ञासा राख्दै आफ्नो अध्ययन र अनुसन्धान, प्रयोग र परीक्षणको माध्यमबाट सो तथ्य जाँचेर मात्र स्वयंको अनुभूतिको आधारमा सो सिद्धान्त ठिक हो भनी प्रयोगात्मक रुपमा प्रतिपादन गर्दछ, बुद्धले पनि धर्म र दर्शनको क्षेत्रमा त्यसरी नै वैज्ञानिकले झैं स्वतन्त्र, खुल्ला र पूर्वाग्रह रहित चित्तले यथार्थ सत्य पत्ता लगाउने उद्देश्यले गहन अध्ययन र चिन्तन मनन गरी चतुरार्य सत्य, मध्यम प्रतिपद, प्रतित्यसमुत्पाद आदीको प्रतिपादन गर्नु भएको पाइन्छ जसको आफैले पुन: परीक्षण गरेर मात्र ग्रहण गर्ने छुट बुद्ध दर्शनमा छ।

आधुनिक विज्ञानसँग बुद्ध दर्शनले मेल खाने अर्को अवधारणा हो – जीवन र जगतको गतिशीलता र अनित्यता सम्बन्धी अवधारणा। आधुनिक विज्ञानले यस प्रकृतिका सम्पूर्ण पदार्थ तथा घटनाहरुलाई "विच्छिन्न निरन्तरता (Discontinuous Continuty) "को प्रकृयाको रुपमा अध्ययन र अनुसन्धान गर्दै आएको छ। वस्तुहरु नित्य बनिरहेका छन्, भत्किरहेका छन्। वस्तुहरु अस्तित्वमा आइ रहेका छन्, अस्तित्वबाट गइरहेका छन्। यस्तो खालको अवधारणा दिने प्रतित्य समुत्पादको नियम उक्त विच्छिन्न निरन्तरताको धारणासँग निकै नजिक देखिन्छ। वस्तुको बाहिरी रुपमा मात्र सीमित नरही त्यसमा अन्तरनिहित वास्तविक संरचना र प्रवृत्तिको अध्ययन र विश्लेषण गर्नु विज्ञानको विशेषता हो। हाम्रो वरपरका जति पनि पदार्थ हामी देख्छौं ती सबै पदार्थहरुको आन्तरिक संरचनाको अध्ययन गर्दा थाहा लाग्छ ती सबै पदार्थहरु देख्दा स्थिर होउन् वा चलायमान, असंख्य प्रकम्पित (Vibrating) अणु तथा परमाणुहरु मिलेर बनेका हुन्छन्। त्यस्तै प्रकम्पित परमाणु पनि अनेकौं प्रकम्पित उप पारमाणविक कणहरुबाट बनेको हुन्छ। अझ खोतल्दै जाने हो भने अन्तमा हात लाग्ने निष्कर्ष हो - "सब्बो पज्जलितो लोको, सब्बो लोको पकम्पितो" अर्थात् समस्त जगत् प्रज्वलित नै प्रज्वलित छ, प्रकम्पित नै प्रकम्पित छ।" यो नै बुद्ध सिद्धान्तको मूल आधार हो। वास्तवमा जगत्का साना धुलाका कण देखि यो सम्पूर्ण ब्रम्हाण्डसम्म सबै गतिशील छन् भन्ने तथ्यलाई आधुनिक विज्ञानका क्वान्टमा सिद्धान्त (Quantum theory) देखि महाविष्फोट को सिद्धान्त (Bigbang theory) समेतले पुष्टि गर्दै आएका छन्। नित्य, अविचल तथा अपरिवर्तनीय न त कुनै पदार्थ छ, न कुनै जीव छ न कुनै विचार तथा दर्शन नै छ। त्यसैले यो जगत्मा ईश्वरवादीहरुले भन्ने गरेको नित्य र शाश्वत परमसत्ताको अस्तित्व पनि असम्भव छ जुन तथ्यलाई प्रमाण जुटाउने दिशामा आधुनिक विज्ञानको यात्रा चलिरहेको छ। वास्तवमा जीवन र जगत्को आन्तरिक यथार्थता भनेको गतिशीलता र अनित्यता हो।

बुद्धले आफ्नो अनुभव र अध्ययनबाट निश्कर्ष निकाल्नु भएको थियो कि यस संसारमा जुन सुकै वस्तु तथा घटनाहरु हेतुद्वारा उत्पन्न हुन्छन् र ती हेतुको निरोध हुनासाथ उत्पत्ति भएका चिजहरुको पनि विनाश हुन्छन्। आधुनिक विज्ञानले पनि यस जगत्का प्रत्येक पदार्थ, जीवन कुनै एक परमसत्ताको आकस्मिक रचना

नभई वस्तुतः परमाणुहरु र तिनका प्रोटोन, न्यूट्रोन, इलेक्ट्रोन र अन्य सुक्ष्माति सुक्ष्म कणहरुको आपसी घटन, सघटन, विष्फोटन, क्रिया प्रतिक्रियाको माध्यमले उत्पत्ति र विनाशका प्राकृतिक नियमहरुद्वारा व्यवस्थित भएका हुन्छन् र यस संसारमा हेतु विना संयोगवश वा स्वतन्त्र रुपले कुनै पनि कुराको उत्पत्ति हुन्छ भन्ने कुराको अपेक्षा राख्न नहुने अवधारणा दिन थालेको छ ।

कुनै पनि दर्शन या वादमा जति नित्यवाद वा इश्वरवादी वाहुल्यता रहन्छ, त्याँत नै त्यो यथार्थवाट टाढा रहन्छ । यथार्थ भनेको विज्ञान हो । त्यसकारण कुनै पनि दर्शन विज्ञान सम्मत हुनको लागि त्यो इश्वर वादी मूढा ग्रहवाट मुक्त हुनु जरुरी छ । त्यस्तै प्रकृतिका सम्पूर्ण सत्यतथ्यको सर्वज्ञताको दावा गर्दै अध्ययन अनुसन्धानमा पूर्णविराम लगाउन खोज्ने दर्शन पनि विज्ञान सम्मत हुन सक्दैन । प्रकृतिका यथार्थ प्रवृत्तिहरु एक पछि अर्को गर्दै खोतल्दै जान प्रेरणा दिने दर्शन नै विज्ञानसम्मत दर्शन हो । विज्ञानले चमत्कार, अवतार तथा रहस्यवादमा विश्वास नगर्ने हुंदा चमत्कारी, अलौकिक दैवी शक्तिले स्थान पाउने दर्शनमा विज्ञानले स्थान पाउने कुरै छैन । प्रतित्य समुत्पाद, हेतुवाद, अनिश्वरवाद, अनित्यवाद जस्ता सिद्धान्त भएका कारण बुद्ध दर्शनलाई विज्ञान सम्मत मान्न सकिन्छ । हुन त जसरी विज्ञानका अत्याधुनिक साधनको प्रयोग अत्यन्तै अवैज्ञानिक, अन्धविश्वासी धारणा फैलाउन पनि गर्न सकिन्छ, गरिएकै पनि छ । त्यसरी नै बुद्धलाई चमत्कार, रहस्यवाद, अवतारवाद, अन्धभक्ति, अन्धविश्वास, मूर्तिपूजा, पुस्तकपूजा जस्ता घोर बुद्ध दर्शन विरोधी क्रियाकलापमा समावेश नगरिएको पनि हैन तर यस्ता संस्कारलाई शरीरवाट ट्युमर निकालेर मिल्काए झैं मिल्काई बुद्ध दर्शनको वैज्ञानिक पक्षलाई मात्र आत्मसात् गर्न सके भोलिको समुन्नत, सुसंस्कृत र वैज्ञानिक चित्तले भरिएको विवेकी समाज निर्माण गर्न सजिलो पर्ने स्पष्ट छ ।


शुभ विजया दशमीको
शुभ उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरुको
सुख, शान्ति र सम्वृद्धिको लागि
हार्दिक मङ्गलमय शुभकामना ।

राम बहादुर थापा
प्रधानाध्यापक
तथा जनप्रिय मा.वि. परिवार
सिमलचौर, पोखरा-८
फोन : २०४६४

शुभ विजया दशमी
२०५९ को
शुभ उपलक्ष्यमा
दुर्गा भवानीले सम्पूर्ण नेपालीलाई
सुख, शान्ति प्रदान गरी
आरोग्य र चिरायु
राखुन् ।

नारायण शर्मा
जिरो कि.मी., बाग्लुङ चोक
पोखरा - ५

## अग्रश्रावक

□ धर्मरत्न शाक्य

ब्राम्हण कुलमा जन्म भएका, संजयका दुई शिष्य पनि ।
अस्सजितको वाक्य सुनेर, बुद्ध शरणमा आए अनि ॥धु॥

ज्ञानको खोजि गर्दा गर्दा, सारीपुत्रले एकदिनमा ।
शान्त प्रकृतिका भिक्षु देखी, नम्र वनिकन प्रश्न गरे ॥१॥
को हुनु हुन्छ हजूर, के धर्म मान्नु हुन्छ, बताउनु होस् ।
कसलाई गुरु मान्नु हुन्छ, के हो धर्म बताउनु होस् ॥२॥
सारीपुत्रको प्रश्न सुनेर, अस्सजीतले यही भने ।
नयाँ भिक्षु हुँ जान्दिन धेरै, जस्तो जान्दछु भन्छु त्यही ॥३॥
हेतु निर्मित हो सब वस्तु, त्यो हेतुको निरोध पनि ।
भन्नु हुन्छ तथागत बुद्ध, उन्कै हुँ म शिष्य पनि ॥४॥
यस्तो ज्ञान सुनी ती ब्राम्हण, फर्के आश्रममा पहिले ।
मौद्गल्यायनलाई बताए, दुबैले सत्य लाभ गरे ॥५॥
आफ्ना शिष्यहरु सब भैकन, बुद्धको दर्शन गर्न गये ।
उन्कै धर्ममा दीक्षित भैकन, महान पद प्राप्त गरे ॥६॥


**बौद्ध दृष्टिमा विजया दशमी अहिंसा पर्व हो**

यस दिनमा सम्राट अशोकले हातहतियार परित्याग गरी वास्तविक विजय प्राप्त गरेको दिन

हत्या, हिंसा माथि अहिंसाको विजय भएको दिन,
अन्धकारमाथि प्रकाशको विजय भएको दिन,
असत्य युद्धमाथि सत्य र शान्तिको विजय भएको दिन,

**अहिंसा पर्व विजया दशमीको शुभ-उपलक्ष्यमा**
**सम्पूर्ण नेपालीको सुख, शान्ति र सम्वृद्धिका**
लागि हार्दिक मङ्गलमय शुभकामना गर्दछौं ।

कुलमान बुद्धाचार्य
अध्यक्ष
तथा सद्धर्म सभा, धर्म संघ, बुद्ध विहार परिवार, पोखरा

बौद्ध दृष्टिमा विजया दशमी अहिंसा पर्व हो
त्यस दिन सम्राट अशोकले
हातहतियार परित्याग गरी वास्तविक विजय प्राप्त गरेको दिन
हत्या, हिंसा माथि अहिंसाको विजय भएको दिन
अन्धकारमाथि प्रकाशको विजय भएको दिन
असत्य युद्ध माथि सत्य र शान्तिको विजय भएको दिन
अहिंसा पर्व विजया दशमीको शुभउपलक्ष्यमा
सम्पूर्ण नेपालीको सुख, शान्ति र सम्वृद्धिका लागि
हार्दिक मङ्गलमय शुभकामना गर्दछौं ।

सुवर्ण बज्राचार्य
अध्यक्ष
ज्ञानमाला संघ धर्मशीला बुद्ध विहार पोखरा

अहिंसा पर्व विजया दशमीको शुभ उपलक्ष्यमा
हत्या, हिंसा र आतंक मच्चाई रगतको होलि खेलिरहेका
गोला, बारुद र बन्दुकको खेल खेल्दै रमाइ रहेका
बदला र अहंकारको भावना लिई युद्ध जित्छौं भनिरहेका
सबै नेपालीमा छिट्टै सदबुद्धि आओस्
शान्ति, मैत्री र अहिंसाको मर्म बुझोस्
नेपालीले नेपालीको रगतको मूल्य बुझोस
भन्ने कामना गर्दै
सबैको सुख, शान्ति, आरोग्य, चिरायु र सम्वृद्धिको
हार्दिक शुभकामना ।

प्रकाश उदास
अध्यक्ष
युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखरा

# The Drug Problem

❑ Ganesh Maliu

A guest comes to our home, and instead of welcoming him with some good food and a glass of drinking water, he is served with drugs - tea, coffee, cigarrettes, beer etc. little relaising that we are hastening him to his death. Cigarrettes and all form of tobacco contain several poisons that act upon our hearts, stomachs, livers, etc. and even cause cancer of various parts of our body. They also act upon our brain making our mind dull and unfit for intellectual persuits. Tannin and caffiene, in tea and coffee, stimulate the heart and produce more stomach acid. Such drugs not only hastens us to our death but also lessens our efficiency to work while we live.

Lord Buddha, the noble son of our beloved country, reminded us, centuries ago, of the need to refrain from using all kinds intoxicants and mind abusers (Pamadatthana). In this category should be included not only hard core druge like alcohol, tobacco, hasish, chares, opium derivatives, L.S.D., amphetamines, tranquilisers, hypnotics, etc., but also tea and coffee which are not only habit forming but are even injurious to health. But our foolishness is freely allowing us to use tobacco, alcohol, tea and coffee as if they are harmless ! And due to our foolishness we praise Lord Buddha by calling him the noble son of our country and at the same time debase him by being his most disobedient country people !

There are three very good reasons why Lord Buddha exhorted us to refrain from the use of drugs : (a) They make our mind abnormal which may lead us to unreasonable behaviour and evil deeds and hence create unrest and trouble in the community, (b) they drain our mental energy and make it unfit to receive the light of the dhamma which can shine only on a normal, healthy mind, (c) they slowly lead us to our material and moral downfall.

According to a recent report, about 80% of our population use drugs in one form or another, and the number of hard core drugs in one form or another, and the number of hard core drugs users alone has exceeded 30,000 ! the estimate in 1978 was only 75. The number of drug users in Nepal is increasing proportionately to the increase in the number of drug pushers, persons who make money illegally by selling drugs, There are people in the world who cultivate drugs instead of food grains, because drugs bring more money by killing drug addicts and destroying civilisations. And they do not know what harm they are doing to the world !

Just because of our foolishness including that of our government, the drug menace is rapidly spreading in our country. With all the worthless wisdom that we have, we are encouraging the production and sell of drugs like tea and coffee, alcohol and tobacco, etc. together with the absolutely ineffective slogun that they are injurious to health ! Why does not our wisdom allow us to stop their production altogether if we know they are hazardous to health ? Why cannot the government

round up everybody concerned with the drug menace (the druge pushers and users alike) and prevent them from continuing their hideous trade ? Must the use of drugs spread like the cancer of the society? Why should the government capitalise on the use of harmful things like tea and coffee, alcohol and tobacco? Social vices should not be allowed to grow just because they are favoured by a majority of fools !

One may argue that Lord Buddha called upon selected individuals only to refrain from the use of drugs. But, if the society legalises and popularises indulging in vice, how can the individual be saved ? It is not true that Lord Buddha used to have his eyes only on a few selected individuals, he was moved with infinite passion to save one and all ! His boundless concern for elimination of suffering for everyone in the world included peoples and animals alike. If the society goes on boasting at the number of cigarette factories and distilleries, if the society goes on marvelling at the name and fame of the drug dealers that become millionaires within months, then,inspite of the volumes of our crocodile tears, the drugfire will continue to blaze furiously and will soon convert the country into heapful of ashes of worthless people !

Those who have got a drug addict in their family, know very well the problems created by drugs. The health, time and money of the addict is wasted in drugs. On the top of that, the tension that he creats in the family destroys the peace of the family and makes life a hell for them. Vandalism, theft and constant demand for money becomes a real problem and the worst part of it is that the drug addict does not die in a day. He may live for a decade or more, and within that time, the home is already converted into a place worse than hell.

The battle against drugs is not an easy one, but it must be fought at all costs. Both the drug users and the drug pushers know very well that they are doing a worng and immoral act. They carry on their affair at top secret and cover it with bribery and crimes. But if the country is to be saved, all of us must fight the battle resolutely and tactfully.

Pledge to refrain from drugs and practice of refraining by a few people is not sufficient to control and eradicate the drug menace. There are people of weak and diseased mind who cannot resist the temporary pleasure given by drugs and usually these people are the victims of drug abuse. Knowing that drug is not a good thing, and get not being able to resist the temptation, Such people easily become drug addicts.

Drug pushers, the agents of the drug kings, know very well how to exploit the weakness of such people. They are allured by a circle of friends hovering around the drug pusher, and are often given free deals in the beginning.

People who become used to their weaknesses find out means and reasonings to go along with the drug habit, and they look out for justification and legalisation of the drugs they use. Tea and coffee, tobacco and alcohol have thus been legalised. The human mind tries to justify the weaknesses when they cannot be got rid of. Thus smoking and drinking is said to be relaxing and drinking is said to be relaxing and

also needed for socialisation. Tea and coffee is unavoidable for welcoming guests. Of course, when the majority are drug users, it will be needed for socilisation, and the relaxation that comes temporarily with the pleasures is the root cause of addication.

To deal with the drug problem, strong measures on war footing should be carried jointly by the government and the people.

1. The border should be checked thoroughly and sealed against entry of drugs. People trying to smuggle drugs. People trying to smuggle drugs should be dealt as number on criminals.
2. Drug education should form a part of education both in school and out of school.
3. People in all localities, towns and villages, should co-operate to form drug relief committees to report on drug pushers and users in the community.
4. Heavy punishment should be imposed on the drug pushers. Drugs users should be taken to drug rehabilitation centres to be treated, and the expenses should be jointly borne by the government and the concerned parents.
5. Suspected drug pushers and users should be arrested and tried at the first notice, and punished heavily if found guilty.
6. Production of all drugs within the country should be totally banned.
7. Sale of narcotics, hypnotics and pshychedelic drug should stopped and not made available even on prescription. If we fail now in our attempts, no wonder, if a time comes in future when we will be welcoming our guests with a chilim of hasish and cocoine. And what will happen to our clivilization then?


शुभ विजया दशमीको
शुभ उपलक्ष्यमा
सम्पूर्ण नेपालीहरुको
सुख, शान्ति र सम्वृद्धिको लागि
हार्दिक मङ्गलमय शुभकामना ।

कृष्णमान लाभाजू
कृष्ण मसला उद्योग
कुकम्यान ब्राण्ड
रानीपौवा
फोन : २०५७६



शुभ विजया दशमी
२०५९ को
शुभ उपलक्ष्यमा
दुर्गा भवानीले सम्पूर्ण नेपालीलाई
सुख, शान्ति प्रदान गरी
आरोग्य र चिरायु राखुन् ।

सुरेन्द्रराज रेग्मी
यति मनि चेञ्जर
बैदाम
पोखरा - ६

## "बुद्ध देवता होइन" को विमोचन

पोखरा/साहित्यकार तथा बौद्ध उपासक विश्व शाक्यद्वारा लिखित "बुद्ध देवता होइनन्" नामक पुस्तकको गत भाद्र २९ गते पोखरा उद्योग वाणिज्य संघको सभा कक्षमा एक समारोहका वीच विमोचन गरियो।

भिक्षु अश्वघोष महास्थविरद्वारा विमोचित उक्त किताव बुद्ध धर्म सम्वन्धि लेखहरुको संग्रह हो। सो किताव लेखकका आफ्ना पिता स्व: सिद्धिरत्न शाक्यको २९औं वार्षिक पुण्य तिथि तथा आमा सेतुली शाक्यको ८४औं शुभ जन्मोत्सवको पावन स्मृतिमा मैत्री संघ, पोखराद्वारा प्रकाशित गरिएको हो। मैत्री संघले प्रत्येक वर्ष १/१ वटा पुस्तक प्रकाशित गर्ने लक्ष्य राखे अनुरुप यस पटक यो पुस्तक प्रकाशित गरिएको हो।

कितावको विमोचन पश्चात भिक्षु अश्वघोषले भगवान बुद्ध क्रान्तिकारी हुनु हुन्थ्यो भन्दै उहाँले आफ्नो समसामयिक संस्कार र संस्कृतिमा व्यापक परिवर्तन गर्दै नयाँ धर्मको प्रादुर्भाव गर्नु भएको हो भन्नु भयो। उहाले मैत्री संघद्वारा आयोजित विमोचन कार्यक्रममा एक जना बौद्ध उपासकले किताव लेख्ने, हिन्दू विद्वानले त्यस कितावको वारेमा प्रकाश पार्ने, इसाई र मुसलमान धर्मावलम्वीहरुले शुभकामना व्यक्त गर्ने कार्यक्रम वास्तवमा मैत्रीपूर्ण काम हो भन्नु भयो।

विमोचित कृति माथि प्रकाश पार्दै समालोचाक भूपनिधि पन्तले किताब समसामयिक महत्वको भएको, भाषा सरल र आफ्नै किसिमको भएकोले पठनीय भएको बताउनु भयो। उहाँले पुस्तक बुद्ध धर्म प्रचार को लागि महत्वपूर्ण भएको उल्लेख गर्नु भयो।

त्यस अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्दै लोक कवि अलिमियाले बुद्ध धर्मको पालन सही रुपमा नभएका कारण देशमा विद्यमान समस्या देखा परेको हो भन्नु भयो। उहाँले शान्तिको लागि बुद्धले देखाएको वाटोको अनुशरण गर्नु पर्छ भन्नुभयो।

शिक्षाविद् जर्जजोनले हुने विरुवाको चिल्लो पात भने झैं लेखक शाक्यमा पहिले देखि नै विशेष गुण विद्यमान थियो भन्नुभयो। उहाँले लेखक शाक्यबाट धेरै कराको आशा गर्न सकिन्छ भन्दै उहाँले अरुपनि धेरैपढ्न पाइने विश्वास व्यक्त गर्नुभयो।

बौद्ध संघ संस्थाहरुका तर्फबाट तिलकमान गुभाजूले भगवान बुद्धद्वारा प्रतिपादित शान्तिको शिक्षालाई ग्रहण गरी त्यो शिक्षालाई हामीले शान्तिको संस्कृतिमा रुपान्तरण गर्नु पर्दछ भन्नु भयो। उहाँले शान्ति र शान्तिको संस्कृति आजको आवश्यकता हो भन्नु भयो।

मैत्री संघ, पोखराका अध्यक्ष गोविन्द ताम्राकारको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष विक्रम उदासले स्वागत भाषण गर्नुभएको थियो भने सचिव भुवन ताम्राकारले सभा संचालन गर्नु भएको थियो।

## गुंला पूजा समाप्त

पोखरा/मोहरियाटोल स्थित धर्म संघ बुद्ध विहारमा भाद्र २३ गते गुंला पूजाको समापन गरियो। बुद्ध धर्ममा श्रावण शुक्ल प्रतिपदा देखि भाद्र शुक्ल प्रतिपदा सम्मको एक महिना गुंला महिना मानेर सो अवधिमा बौद्धहरु नामसंगीति पाठ, धर्मदेशना श्रवण, ध्यान, दान र एकदिन पञ्चदान गरी मानाउने गर्दछन्।

गुंला महिनाको आखिरी दिनमा आयोजित प्रवचन कार्यक्रममा भिक्षु श्रद्धानन्दले युद्धमा हजारौं मानिस मारेर युद्ध जित्नु भन्दा आफ्नै मन जित्नु ठूलो कुरा हो भन्दै शील, समाधि र प्रज्ञाको मार्गवाट हामी सवैले पहिले आफ्नै मनलाई जित्नु आवश्यक छ भन्नु भयो।

विहारका अध्यक्ष कुलामान बुद्धाचार्यको सभापतित्वमा भएको कार्यक्रममा दशपारमिता तथा परित्राण पाठ गरी सामूहिक दान गरिएको थियो। वेलुकी विहारकै प्राङ्गणमा मैत्री भोज र ज्ञानमाला भजनको पनि आयोजना गरिएको थियो।

## श्रीमती शाक्यको निधनमा शोक

पोखरा : [illegible] बुद्ध विहारको सदस्य श्रीमती सेवन कुमारी शाक्यको असामयिक निधनमा [illegible] हार्दिक श्रद्धाञ्जली अर्पण गर्‍यो । भाद्र २१ गते आयोजित शोक सभामा भिक्षु [illegible]नन्दले हामीले एक दिन मर्नु पर्छ [illegible] आचरण र व्यवहारमा फरक आउन सक्ने विचार व्यक्त गर्नुभयो । [illegible] उहाँका पुण्य कार्यको चर्चा गर्नु भएको थियो ।

श्री [illegible] दिवंगत श्रीमती शाक्यको जीवनी र उहाँका पुण्य कार्यको चर्चा गर्नु भएको थियो ।

सभाको शुरुमा उपस्थित सबैले श्रीमती शाक्यको फोटोमा पुष्पार्पण गरी दुई मिनेट मौनधारण गरेको थियो ।

त्यस्तै बौद्ध उपासिका [illegible] पनि उहाँको निधनमा शोकसभा गरि हार्दिक श्रद्धान्जली अर्पण गर्‍या

सभामा [illegible] पाठ गरिएको थियो । अध्यक्ष सन्तकुमारी बुद्धाचार्यको सभापतित्वमा भएको सभामा [illegible] दिवंगत शाक्यको व्यक्तित्व माथि प्रकाश पार्नु भएको थियो ।

सभामा १ मिनेट मौन धारण गरी दिवंगत शाक्यको फोटोमा पुस्पार्पण गरिएको थियो ।

[illegible] निवासी श्रीमती शाक्यको ६० वर्षको उमेरमा भाद्र १४ गते असामयिक निधन भएको थियो ।

## युवा बौद्ध संघको वार्षिकोत्सव सम्पन्न

पोखरा : युवा बौद्ध संघको सातौ वार्षिकोत्सव तथा पदस्थापन समारोह गत भाद्र १६ गते मा सम्पन्न भयो ।

पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा पोखरा उपत्यकाव्यापी अन्तर माध्यमिक विद्यालयस्तरीय बौद्ध निबन्ध प्रतियोगिताका विजयी विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

उक्त प्रतियोगितामा एस.ओ.एस.का विष्णुप्रसाद अधिकारी प्रथम, आदर्श अंग्रेजी स्कूलका एन्जिला घिमिरे द्वितीय, सृजना बोर्डिङ स्कूलकी सम्झना पौडेल तृतीय र गण्डकी आवासीय उच्च माध्यमिक विद्यालयकी सन्ध्या शर्माले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् ।

यसैगरी संघको वार्षिकोत्सवद्वारा नयाँ कार्य समिति चयन गरिएको छ ।

समितिका अध्यक्षमा प्रकाश उदास, उपाध्यक्षमा विक्रम बुद्धाचार्य, सचिवमा रञ्जन बुद्धाचार्य, सहसचिवमा विक्रम उदास तथा कोषाध्यक्षमा विनोदरत्न शाक्य रहनु भएको छ भने सदस्यहरुमा कोमल शेरचन, सोनी सुवाल, चेतनसिंह ताइबे, शेखर बिजुक्छे, इन्द्रप्रसाद ग्रा र सोभियत बुद्धाचार्य रहनु भएको छ ।

कार्यक्रममा निर्वाचन समितिका संयोजक उत्तममान बुद्धाचार्य, पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष सोम बज्राचार्य, कुमुदिनी होम्सका प्रशासक सुरेन्द्र शर्मा, नेपाल रेडक्रस सोसाइटी कास्कीका अध्यक्ष रघुनाथ अधिकारी, सनातन धर्म सेवा समिति कास्कीका अध्यक्ष रविन्द्र माकाजू तथा संघका अध्यक्ष प्रकाश उदास र सचिव रञ्जन बुद्धाचार्य लगायतका वक्ताहरुले बोल्नु भएको थियो ।


शुभ विजया दशमीको शुभ उपलक्ष्यमा

सम्पूर्ण नेपालीहरुको सुख, शान्ति र सम्वृद्धिको लागि

हार्दिक मङ्गलमय शुभकामना ।

सिनेम्याट्रिक्स स्टूडियो प्रा.लि.

टेकुरोड, त्रिपुरेश्वर, काठमाण्डौं

फोन : २६७९५०/२६७९५१

फ्याक्स : २५४३००

# रक्तदान कार्यक्रम सम्पन्न

म्याग्दी/वौद्ध संघको आयोजनामा ३८औ राष्ट्रिय वाल दिवसको पावन अवरमा युवा वौद्ध संघको संयोजकत्वमा बेनी बजारको संगम चोकमा "खुल्ला रक्तदान कार्यक्रम" सम्पन्न भयो ।

उक्त कार्यक्रममा ८९ जना रक्तदाताले रक्तदान गर्नु भएको थियो । महिला वौद्ध संघको अध्यक्ष श्रीमती विष्णु शाक्य (स्मृति) ज्यूबाट पन्चशील प्रार्थना गरि शुरुवात गरिएको कार्यक्रममा स्वागत मन्तव्य युवा वौद्ध संघका उपाध्यक्ष अनिप गौतम ने र रक्तदान कस्तो व्यक्तिले कस्तो अवस्थामा दिनु पर्छ भन्ने वारेमा म्याग्दी अस्पतालका डा. सागर राजभण्डारीज्यूले जानकारी दिनु भयो । प्रमुख जिल्ला अधिकारी पशुपतिनाथ शर्माले भगवान बुद्धको दान विषयमा प्रकाश पार्नु भएको समारोहमा कार्यक्रमका प्रमुख अतिथि उद्योग वाणिज्य संघ म्याग्दीका अध्यक्ष सुदर्शनकुमार श्रेष्ठले आफ्नो प्रमुख आतिथ्य मन्तव्य सहित रक्तदाताहरुलाई प्रसंशापत्र एवं मायाको चिनो प्रदान गर्नु भयो । सो कार्यक्रममा सब भन्दा वढी उमेरका (४९ वर्ष) श्रीमती जगतदेवी पुर्जा मगर लगायत म्याग्दी जिल्लामा कार्यरत कर्मचारी, शिक्षक, विद्यार्थी, संघ संस्थाका प्रतिनिधि एवं समाज सेवीहरु संलग्न रहेका थिए । म्याग्दी वौद्ध संघका अध्यक्ष यजन लाल शाक्यको सभापतित्वमा सम्पन्न उक्त रक्तदान कार्यक्रम युवा वौद्ध संघ म्याग्दीका कोषाध्यक्ष श्री सुविन श्रेष्ठले सञ्चालन गर्नु भएको थियो ।

## रक्तदाताहरु

पशुपति शर्मा, रत्न खड्का, वाग्लुङ्ग, राम नारायण श्रेष्ठ, यम प्रसाद पराजुली, स्याङ्गजा, यशोधा पुन, जगतदेवी पुर्जा, निरा पुन, साधना मल्ल, पर्वत, रजनी के.सी., नरदेवी पुन, केशर रोका, सन्तोष रावल, सुरज के.सी., गौतम कुमार श्रेष्ठ, चितवन, मिन ब.वि.क., हिम ब. के.सी., चितवन, दामोदर रिजाल, श्याम श्रेष्ठ, विरेन्द्र श्रेष्ठ, तनहुँ, दिपक रिजाल, पर्वत, लेख वहादुर हमाल, राजु श्रेष्ठ, दिपक के.सी., डिल्लिराम पौडेल, धादिङ्ग, नारायण शाक्य, योगेन्द्र श्रेष्ठ, प्रकाश के.सी., पर्वत, जयन्ती श्रेष्ठ, साजन श्रेष्ठ, टिका पाण्डे, चेतनाथ सुवेदी, पर्वत, विन्दुराज वज्राचार्य, स्याङ्गजा, शिव भट्टचन, दिलिप गौचन, हरि शाक्य, मिन व. वरुवाल, विष्णु शाक्य, मन वहादुर चर्मकार, शर्मिला श्रेष्ठ, गणेश वि.क., सुन्दर श्रेष्ठ, लोक वहादुर थापा, वाग्लुङ्ग, इन्द्र वहादुर गुरुङ्ग, पर्वत, दिल वहादुर सि.के. सरोज श्रेष्ठ, सूर्य प्रसाद मसांनी, चन्द्र प्र. विश्वकर्मा, सुव्वा शाक्य, पर्वत, कृष्ण शाक्य, विमला गौचन, कृष्ण खत्री, पर्वत, सुजन श्रेष्ठ, जुनु श्रेष्ठ, प्रेम वानियाँ, वेविना थापा, सुपन श्रेष्ठ, लालकृष्ण घर्ती पर्वत, सुगम श्रेष्ठ, अमर पुन, कुविर श्रेष्ठ, तेजिन्द्र तुलाचन, पर्वत, समुन्द्र श्रेष्ठ, प्रकाश पौडेल, सिता मल्ल, पर्वत, नारायण श्रेष्ठ, श्रृजना श्रेष्ठ, रिता महत, सुमित्रा श्रेष्ठ, शोभा जि.सी., भरत वि.क., डम्मर शाक्य, उषा पुन, पर्वत, दिपेन्द्र वि.क., सन्दीप शाक्य, इश्वर श्रेष्ठ, हिरा श्रेष्ठ, वाल कुमार रोका, ज्ञानेश पुन, गोविन्द पाण्डे, सेवा लामा, चन्द के.सी., सुरज श्रेष्ठ, रवि उदास, पोखरा, नानु श्रेष्ठ, संजिता श्रेष्ठ, ललिता जुग्जाली, प्रमिला पुन, सुजन श्रेष्ठ, प्रमोद श्रेष्ठ


**नेपाली मात्रको महान पर्व विजया दशमीको**

शुभ उपलक्ष्यमा हामी हाम्रा समस्त ग्राहक एवं शुभेच्छुक महानुभावहरूमा सुख, शान्ति र सम्बृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**एभरग्रीन ट्रेडर्स**

महेन्द्रपुल, पोखरा

फोन : २०१२८

## अनित्त्वावत संस्कारा



यस संघका सक्रिय सदस्य तेर्सापट्टि निवासी श्रीमती सैंवन कुमारी शाक्यको ६० वर्षको उमेरमा असामयिक निधन भएकोमा हामीलाई गहिरो चोट लागेको छ। हामी उहाँको चीर शान्तिको कामना गर्दछौं र शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**सन्त कुमारी बुद्धाचार्य**
अध्यक्ष
**तथा बौद्ध उपासिका संघ**
धर्मशिला बुद्ध विहार, पोखरा

---

बौद्ध दृष्टिमा विजया दशमी अहिंसा पर्व हो।

**अहिंसा पर्व विजया दशमीको शुभ-उपलक्ष्यमा सम्पूर्ण नेपालीको सुख, शान्ति र**

सम्वृद्धिका लागि

हार्दिक मङ्गलमय शुभकामना गर्दछौं।

**बौद्ध सदन गुम्बा परिवार**
आँबु खैरेनी - ६
तनहुँ

---

**बौद्ध दृष्टिमा विजया दशमी अहिंसा पर्व हो**

त्यस दिनमा सम्राट अशोकले हातहतियार परित्याग गरी वास्तविक विजय प्राप्त गरेको दिन, हत्या, हिंसा माथि अहिंसाको विजय भएको दिन, अन्धकारमाथि प्रकाशको विजय भएको दिन, असत्य युद्धमाथि सत्य र शान्तिको विजय भएको दिन,

**अहिंसा पर्व विजया दशमीको शुभ-उपलक्ष्यमा सम्पूर्ण नेपालीको सुख, शान्ति र सम्वृद्धिका**

लागि हार्दिक मङ्गलमय शुभकामना गर्दछौं।

**डा. प्रकाश सिंह तुलाचन**
प्रकाश होमियोपेथिक
नदीपुर, पोखरा, फोन : २०१२१

Wondershare PDFelement

# अहिंसा पर्व विजया दशमीको उपलक्ष्यमा

शान्ति क्षेत्रको चाहना गर्ने प्यारो राष्ट्र नेपालमा
शान्तिका अग्रदूत भगवान बुद्धको जन्मस्थल नेपालमा

हत्या, हिंसा, आतंक मच्चाई रगतको होली खेलिरहेका
गोला, बारुद र बन्दुकको खेल खेल्दै रमाई रहेका
बदला र अहंकारको भावना लिई युद्ध जित्छौं भनिरहेका

## सबैलाई

अहिंसाका पूजारी तथा शान्तिका अग्रदूत भगवान बुद्धलाई स्मरण गर्दै,
हातहतियार त्यागेर वास्तविक विजयी भएका सम्राट अशोकलाई सम्मान
आग्रह गर्दैहामी सम्पूर्ण नेपालीको सुख, शान्ति
र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**कृष्ण बहादुर गुरुङ्ग**
अध्यक्ष
तथा
विश्वशान्ति स्तूप परिवार, पोखरा

Wondershare PDFelement

का.जि.द.नं.:- ३४/०५३/०५४
हुलाक वर्ता नं.:- ०१/०५८/०५९



# HOTEL FEWA PRINCE PVT. LTD.

## SPECIAL OFF SEASON DISCOUNT

## ON ROOM

## &

## Swimming pool, Food& Beverage

**Our Facilities**

- Ample car parking
- garden facilities
- We organize children party, meeting, conference, outdoor catering, marrige party and many more

**For Information**

Pokhara :- **Tel.:** 24701 **Fax:** 24881
**E-mail:** fprince@cnet.wlink.com.np
Kathmandu: **Tel:** 254123 **Fax:** 241721
**E-mail:** hotel@fewaprince.wlink.com.np
**Website:** www.fewaprince.com